जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ७ अंक २, २०७५ साल वैशाख १४ गते शुक्रबार, नेपाल संवत् ११३८ (April. 27, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## किन हराउँछन् सीमा स्तम्भ ?

बर्दिया । नेपाल भारत संयुक्त सीमा निरीक्षण टोलीले बर्दियाको सीमा क्षेत्रमा गरेको अनुगमन प्रतिवेदनको रिपोर्टअनुसार साना, ठूला गरी ९४ वटा सीमा स्तम्भ हराएका छन् । जसमध्ये मुख्य ७ वटा सहायक ९ र साना ७८ वटा छन् । सीमा स्तम्भ फेला नपरेको जानकारी बर्दियाका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले दिएका छन् । बर्दिया जिल्लामा ८० किलोमिटर खुला सिमाना भारतसँग जोडिएको छ । जहाँ ४२ वटा मुख्य बाँकी ८ पेजमा

## अर्थतन्त्रको आकार र प्रतिव्यक्ति आय बढ्यो

काठमाडौं । चालु आर्थिक वर्ष २०७४।७५ मा आर्थिक वृद्धिदर ५ दशमलब ८९ प्रतिशत हुने अनुमान गरिएको छ । यसअघिको वृद्धिदर प्रक्षेपणलाई संशोधन गर्दै केन्द्रीय तथ्यांक विभागले वृद्धिदरको नयाँ आँकडा सार्वजनिक गरेको हो । यसअघि सरकारले बजेट वक्तव्यमा ७ दशमलब २ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने प्रक्षेपण गरेको थियो । बजेटको मध्यावधि समीक्षामा त्यसलाई घटाएर ६ प्रतिशतमा झारिएको थियो । विश्वबैंकले ४ दशमलब ९ प्रतिशत र एसियाली विकास बाँकी ८ पेजमा

# नेपाल-चीन सम्बन्ध बिथोल्ने मोदी रणनीति

काठमाडौं । 'क्रेडिबिलिटी एन्ड भर्जिनिटी आर सेम बोथ लुज वन्स' अर्थात् महिलाको कुमारित्व र मान्छेको विश्वास एउटै हो जो एकपटक गुमेपछि गयो गयो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी वैशाख अन्तिम साता (सम्भवतः २८ वैशाख) मा तेस्रो पटक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रँदै छन् । यो मोदीको दोस्रो राजकीय भ्रमण हुनेछ । पहिलो नेपाल भ्रमणमा आउँदा उनले नेपाली जनताको विश्वास जित्न सफल भएका थिए । उनले नेपालको संसदमा सारगर्भित सम्बोधन गरेका थिए । बुद्ध नेपालमा जन्मेका हुन् भन्ने यथार्थतालाई उनले स्वीकार गरिरहँदा हाम्रा सांसदहरुले टेबल ठोकेर उनको भनाइको स्वागत गरेको दृश्य नेपाली जनताको मानसपटलमा अझै सजीव छ । तर दोस्रो पटक नेपाल आएपछि उनी आलोचित बन्न पुगे । भारतीय लगानीमा बनेको ट्रमा सेन्टर उद्घाटनपछिको भाषणमा उनले नेपालको नयाँ बन्ने संविधानमा भारतको स्वार्थ समेटिनुपर्ने जिकिर गरे । स्वतन्त्र र सार्वभौम नेपालले बनाउन लागेको संविधानको विषयमा बोल्नु नेपाल र नेपाली जनताको घोर अपमान गर्नु हो । कस्तो संविधान बनाउने भन्ने कुरा सार्वभौम संविधानसभाको तजबिजको विषय हो । संविधानसभालाई निर्देशन गर्ने अधिकार मोदीलाई थिएन र उनको दबाबअघि नेपाल झुकेन पनि । संविधानमा समेटिनुपर्ने भारतीय स्वार्थका सात



बुँदाहरु साउथ ब्लकले इन्डियन एक्सप्रेसमा प्रकाशित गराएर ती पूरा नभए नाकाबन्दी लगाउने संकेत समेत गर्‍यो । संविधान जारी हुनुपूर्व आफ्ना विशेषदूत डेबिड धबललाई पठाएर मोदीले संविधान रोक्ने भरमग्दुर प्रयास गरे । तर उनको आदेश र दबाबलाई नेपालले स्वीकारेन । अन्ततः २०७२ असोज २ गते संविधानसभाले संघीय गणतान्त्रिक नेपालको नयाँ संविधान जारी गर्‍यो । संविधानप्रति असन्तुष्ट मधेसवादी दलहरुलाई भारतीय खुफिया एजेन्सी रअले उचालेर काठमाडौंलाई नाकाबन्दी गर्न लगायो । नेपालको नागरिकता हात पारेका चालीस लाख आप्रवासी भारतीयहरुलाई दानापानी खुवाएर रअले दशगजा क्षेत्रमा उफार्न थाल्यो । ढुवानी अवरोधको बहाना देखाएर भारतले अघोषित रुपमा नेपालमाथि अमानवीय नाकाबन्दी लगायो ५ महिनासम्म । भारतले इन्धन लगायत दैनिक उपभोग्य वस्तुहरु नेपाल छिर्न दिएन । भूपरिवेष्ठित राष्ट्रले पाउनुपर्ने अन्तर्राष्ट्रिय कानुनले दिएको पारवहन सुविधा समेत भारतले खोस्यो । तेस्रो मुलुकबाट आयात गरिने सरसामान समेत कोलकत्ता बन्दरगाहमा रोकेर कन्टेनरको लाइन खडा गरिदियो भारतले ।

मधेस आन्दोलन र भारतीय नाकाबन्दी उत्कर्षमा पुगिरहेका बेला केपी ओली संसदबाट नेपालको प्रधानमन्त्रीमा निर्वाचित भए । मधेस आन्दोलनको प्रखर विरोधीका रुपमा चिनिएका ओली भारतीय संस्थापन पक्षले रुचाएका व्यक्ति थिएनन् । महाकाली सन्धिमा ओलीले जुन भूमिका अदाह गरेका थिए त्यसले उनको छवि भारतपरस्त बनेको थियो । तर ओली प्रधानमन्त्री भएपछि भारतीय दबाबका अघि झुक्न चाहेनन् । बरु उनले कूटनीतिक तवरले भारतीय संस्थापनसँग चिसिएको सम्बन्ध 'आइस ब्रेक' गर्न चाहे र उनी भारतको राजकीय भ्रमणमा दिल्ली गए । ओली दिल्ली जाँदै गर्दा भारतले लगाएको अघोषित नाकाबन्दी अघोषित रुपमै खोल्न बाध्य भयो । ओली लगत्तै चीन भ्रमणमा निस्किए । उनले भ्रमणताका चीनसँग ऐतिहासिक पारवहन तथा व्यापार सन्धि गरे । चीनले समुद्रसम्म नेपालको पहुँच पुर्‍याउन मार्गप्रशस्त गरिदियो । तत्काल पारवहन सन्धिबाट देखिने गरी नेपालले लाभ नपाए पनि दीर्घकालीन रुपमा यसको महत्व ठूलो रहेको छ । भारतवेष्ठित नेपाललाई अन्तर ाष्ट्रिय विरादतीमा पुर्‍याउन ओलीले महत्वकांक्षी पारवहन सम्झौता चीनसँग गरेपछि भारत अत्तालियो । दिल्लीले प्रचण्ड र देउवामार्फत ओली सरकार ढाल्न सफल भयो । यसको मकसद थियो चीनसँगका सम्झौताहरु कार्यान्वयन तहमा आउन नदिने । ओलीपछि प्रधानमन्त्री बनेका प्रचण्डले जब चिनियाँ महत्वाकांक्षी परियोजना बीआरआईमा नेपाल सामेल भएको हस्ताक्षर गरे उनलाई भारतीय संस्थापन पक्षले शंकाको घेराभित्र हाल्यो । बूढीगण्डकी बहुउद्देश्यीय परियोजना निर्माणको ठेक्का चिनियाँ कम्पनीलाई दिने प्रचण्ड सरकारको निर्णयले भारत झन् आगो भयो । देउवालाई उकास्न थाल्यो दिल्लीले । आन्तरिक एवं बाह्य दबाब झेल्न नसकेपछि प्रचण्डले पदबाट राजीनामा दिए । देउवामा प्रधानमन्त्री भएपछि बूढीगण्डकी परियोजनाको चिनियाँ ठेक्का रद्द गरेर भारतलाई खुसी बनाउनेतर्फ लागे । बीआरआईमा सामेल भएपछि नेपालले गर्नुपर्ने तयारीमा देउवा सरकार पटक्कै अघि बढेन । स्थानीय, प्रादेशिक र संघीय संसदको निर्वाचनमा कांग्रेसले लज्जाजनक पराजयको सामना गर्नुपर्‍यो । अहिले पनि कांग्रेस आन्तरिक लफडामै फसेको छ । कांग्रेसभित्रबाट महाधिवेशनको माग बाँकी ८ पेजमा

# वाम एकताको चर्चा जनतालाई हर्ष न विस्मत

काठमाडौं । एमाले र माओवादी केन्द्रबीच हुने भनिएको एकताको विषय राजनीतिक वृत्तमा निकै चासो र सरोकार भए पनि आम नेपाली जनतामा भने त्यसको कुनै असर देखिँदैन । दुई पार्टीबीचको एकताले जनताको दैनिकीमा कुनै प्रभाव पार्ने छैन । जनता विकास र समृद्धि चाहन्छन् न कि पार्टीहरुको एकता वा विग्रह । जनतासँग कत्ति पनि साइनो नजोडिएको एमाले माओवादी एकताको विषयलाई युगान्तकारी घटनाका रुपमा प्रचारप्रसार गरिनु आफैंमा विडम्बनापूर्ण छ । दुई पार्टीको एकताले प्रभाव पार्ने भनेको विपक्षी दल नेपाली कांग्रेसलाई मात्र हो । कम्युनिस्ट पार्टीहरुमा आउने फुट र जन्मिने गुटकै कारण कांग्रेसले ०४६ सालपछि झन्डै अनवरत रुपमा देशमा शासन गर्ने अवसर पायो । तर यस कालखण्डमा कांग्रेसले देशलाई संसारकै गरिब र कामदार जन्माउनेका रुपमा चिनायो । यतिमात्र होइन संसारकै भ्रष्ट मुलुकको पहिचान समेत बनायो नेपालले ।


नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको ६९ औं वर्षगाँठका दिन अर्थात् २२ अप्रिल (वैशाख ९) दिन पार्टी एकीकरणको घोषणा हुन सकेन । पार्टी एकीकरण संयोजन समितिले सिफारिस गरे पनि शीर्ष नेतृत्वले



औपचारिक निर्णय लिन नसक्दा पार्टी एकीकरणको घोषणा हुन नसकेको बताइएको छ । राष्ट्रिय सभागृहमा यी दुई पार्टीका कार्यकर्ताहरुको व्यवहार हेर्दा सितिमिति ढंगले पार्टी एकता नहुने देखिएको छ । कार्यक्रमको ब्यानरमा सहमत हुन नसकेका कार्यकर्ताहरु पार्टी एकीकरणमा सजिलै सहमत हुनेछन् पत्याउनै गाह्रो छ । २२ अप्रिल नेकपा स्थापना भएको दिनका साथै बोलसेभिक क्रान्तिका नायक भ्यादिमिर इलिच लेनिनको जन्मजयन्ती समेत हो । राष्ट्रियसभाको कार्यक्रमको तारतम्य मिलाउने जिम्मेवारी एमालेले लिएको थियो । नेपाल कम्युनिस्ट पार्टी स्थापना दिवसका अवसरमा बनाइएको ब्यानरमा माओ र लेनिनको तस्बिर गायब पारिएपछि माओवादी कार्यकर्ताहरुले जुन असन्तुष्टि सभागृहमा व्यक्त गरे त्यसले एमाले माओवादी एकता हुनेमा संशय उत्पन्न हुनु स्वाभाविक छ ।

पार्टी एकतामा माओवादीले बराबरीको सम्मानजनक हैसियत मात्र गरेको तर एमालेले चालीस प्रतिशत दिन पनि नमानेका समाचार बाहिर आइरहेको छ । सरकारको नेतृत्व तीन वर्ष ओलीले र दुई वर्ष प्रचण्डले गर्ने विषयमा पनि ओली नमानेको भनिँदैछ । प्रचण्डले ओलीले सरकारको नेतृत्व गरिरहे प्रचण्डले पाँच वर्ष पार्टीको नेतृत्व गर्न पाउनुपर्ने माओवादी कित्ताबाट माग भइरहेको पनि छापाहरुमा समाचार आएका छन् । ओली र प्रचण्डबीच वान टु वान कुराकानी धेरै चोटि भइसकेको छ तर परिणाम सतहमा देखिएको छैन । राष्ट्रिय सभागृहमा दुवै शीर्ष नेताले पार्टी एकीकरणका विषय जुन अभिव्यक्ति दिए त्यो सुन्दा एमाले माओवादी एकता तत्काललाई टरेको आशंका गर्न सकिन्छ । एकता विरोधी तत्वहरु एकता भाँड्न सल्बलाएको प्रचण्डको कथन र एकता कसैले बिथोल्न चाहेर पनि सफल नहुने ओली भनाइले दुई पार्टीबीचको एकताको जटिलता सार्वजनिक भएको छ । बाँकी ८ पेजमा

# मालेले मनायो नेकपा स्थापना दिवस





काठमाडौं । नेकपा मालेले नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवस गत शनिबार ललितपुर लगनखेलको खुला स्थानमा एक समारोहबीच मनाएको छ । पार्टी महासचिव सीपी मैनालीको प्रमुख आतिथ्यमा संचालन भएको उक्त कार्यक्रम नेकपा माले ३ नम्बर प्रदेश कमिटीको आयोजनामा भएको थियो । नेपाल कम्युनिस्ट पार्टीको स्थापना २००६ सालमा कलकत्तामा भएको थियो र यसले ६९ वर्ष पार गरिसकेको छ ।

समारोहका प्रमुख वक्ता तथा पार्टी महासचिव मैनालीले बाम गठवन्धन भनेर चुनाव जिति सत्तारुढ हुन पुगेका एमाले माकेहरु साँचो बाँकी ८ पेजमा

# सम्झौता सम्पन्न



काठमाडौं । सुरेन्द्र ढकाल फाउण्डेसन तथा हरियाली बोरिङ निर्माण उपभोक्ता समितिबीच गत शुक्रबार वैशाख ७ गते एक सम्झौता सम्पन्न भएको छ । सम्झौता अनुसार कैलाली जिल्लाको घोडाघोडी नगरपालिका वार्ड नं ९ को रामशिखरझाला उत्तरटोलमा रहेको २५ बिघा जग्गामा बोरिङ सिंचाइ योजना निर्माण गरिने छ ।

आयोजनाको कूल लागत रु २ लाख पाँच हजार हुने छ जसका लागि सुरेन्द्र ढकाल फाउण्डेसनले रु १ लाख २० हजार सहयोग गर्ने र बाँकी ८५ हजार हरियाली बोरिङ निर्माण उपभोक्ता समितिले नगद र श्रम गरी परिचालन गर्ने सम्झौतामा उल्लेख छ । सम्झौता भएको दुई महिनाभित्रै काम सिध्याई उक्त २५ बिघा जमिन सिंचाइ भई त्यहाँका उत्पीडित दलित, जनजाति र गरिब जनताले कृषि र नगदेवालीमार्फत आयआर्जन गरी जनजीविकाको जोह गर्न मद्दत पुग्ने भएको छ । सम्झौताअनुरुप पहिलो किस्ताको भुक्तानीस्वरुप रु. ८० हजारको चेक फाउण्डेसनका अध्यक्ष सुरेन्द्र ढकालले उपभोक्ता समितिका प्रतिनिधि परेक रावललाई हस्तान्तरण गर्नुभयो । सम्झौतामा फाउण्डेसनको तर्फबाट सुरेन्द्र ढकाल र बाँकी ८ पेजमा

# सुगौली सन्धिको नेपाल

■ बुद्धिनारायण श्रेष्ठ

नेपाली फौजले काँगडा क्षेत्रसम्मलाई पनि आफ्नो देशको चौकिल्ला सीमारेखाभित्र पारीराख्ने अभिप्रायले त्यस क्षेत्रमा प्रवेश गरे तापनि काँगडाका राजालाई शिख महाराजा रणजीतले सेना पठाई मदत गरेकोले नेपाली फौजको केही नलागी सम्बत् १८६१ मा सतलज नदीलाई नेपालको पश्चिमी सिमाना मान्न कर लाग्यो । तर यसपछि पनि नेपाली सेना चुप लागेर बसेनन् । तर पनि नेपालको ध्यान पश्चिम तर्फभन्दा अंग्रेजले थिचोमिचो गरेको क्षेत्रतर्फ गयो, जसको फलस्वरूप १८६१ मा नेपालले बुटवल र शिबराज प्रगन्ना कब्जा गर्‍यो । किनकि यो क्षेत्र पाल्पाका राजाबाट नेपालमा एकीकरण गरिएको भए तापनि औ धका बजीरले खोसी अंग्रेज सरकारलाई सुम्पेका थिए । यसै सिलसिलामा नेपालले अंग्रेजलाई खेरीको उत्तर-पूर्वी क्षेत्रतर्फ आँखा नलगाउन सतर्क गरायो । यसको फलस्वरूप नेपाल र कम्पनी सरकार दुबैले आ-आफ्नो क्षेत्र निर्धारण गर्ने मनसाय प्रकट गरे । तर सीमारेखा निश्चित गर्न त्यस भू-भागको जमिन्दार नभएको र बंगाल र अबधका किसानहरूले भोग गरिरहेको जमिन भएको हुनाले धेरै अप्ठेरो पर्‍यो । नेपालले यस क्षेत्र छाड्न मानेन र जमिन खाली गर्न अंग्रेजलाई अनुरोध गर्‍यो । यसका साथै नेपालले बुटवल क्षेत्रका छेउछाउका अन्य गाउँबस्तीहरूमा पनि आफ्नो कब्जा जमाउन सुरु गर्‍यो । अन्ततः कम्पनी सरकारले सिमानासम्बन्धी छलफल गर्ने मनसाय जाहेर गर्‍यो । अंग्रेजको तर्फबाट मेजर पेरिस ब्राडशा र नेपालका तर्फबाट कमिश्नर कृष्ण पण्डितले दुईतर्फको प्रतिनिधित्व गर्दै कुराकानी अगाडि बढ्यो । तर ब्राडशा र पण्डितका बीचको सम्बन्ध बिग्रदै गयो र कुराकानी नमिल्ने ठानी नेपाली पक्ष १८७१ चैत्र (अप्रिल १८१४) मा बार्ता भङ्गगरी काठमाडौं फर्कियो ।

यस्तै १८६५ मा नेपालका तर्फबाट मोरङका प्रशासकले पुर्निया क्षेत्रमा अवस्थित भीमनगर क्षेत्र कब्जा गरे । तर अंग्रेजले १८६६ असार (जुन १८०९) मा सेनाको टुकडी पठाई बलपूर्बक सो क्षेत्र पुनः फिर्ता लिए र नेपालले वाध्यभई सो क्षेत्र सम्बत् १८६७ मा पूर्ण खाली गर्‍यो । यसपछि नेपाली फौजले १८८६ मा बुटवल र बेतिया सीमा क्षेत्रको केही भाग आफ्नो अधिनमा लियो । बेतियाका जनताले यसको प्रतिरोध गरेको हुनाले इस्ट इण्डिया कम्पनी र नेपाल सरकारका तर्फबाट सीमा बिबाद छानबिन गरी सुल्झाउन दुबै पक्षबाट कमिश्नर नियुक्ति गरियो । छानबिनका क्रममा नेपालले ब्रिटिस भू-भाग मिचेको र बिबादित क्षेत्रको अधिकार अंग्रेजमा रहेको भन्ने कम्पनी सरकार तर्फका प्रतिनिधिले ठहर गर्‍यो । तर नेपालले सो क्षेत्र इस्ट-इण्डिया कम्पनी तर्फ पुनर्स्थापना गर्न दिन मानेन । नेपालले लिएको भूमि २५ दिन भित्र खाली नगरे बलजफ्तीपूर्बक फिर्ता लिईने छ भनी लर्ड हेस्टीङ्सले १८७१ बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# कृषिको ऋण र अनुदानमा लापर्बाही

अहिले कृषि क्षेत्र चर्चामा रहेको छ । कृषि क्षेत्र चर्चित हुनुको पछाडि सरकारले कृषि क्षेत्रको प्रबर्द्धनका लागि कृषिमा बढाउँदै लगेको सहुलियत ऋण लगानी र अनुदानकै कारणले हो । सरकारले पहिल्यैदेखि कृषिलाई प्राथमिकतामा राखे पनि कृषि क्षेत्रले त्यसबमोजिम प्रगति हासिल गर्न सकेको छैन । त्यसैले कृषि प्रधाअन मुलुक भनिए तापनि अर्बौंको कृषिजन्य वस्तुहरूको आयातले गर्दा व्यापारघाटा बर्सेनि चुलिँदै गएको छ ।

कृषि क्षेत्रले प्रगति गर्न नसक्नुका कारणहरू थुप्रै भए तापनि ऋण लगानी र अनुदान वास्तविक किसानले प्राप्त गर्न नसक्नु पनि मूल कारण हो । कृषिको अनुदान प्राप्त गर्नकै लागि गाउँका किसानहरूले भन्दा सहरका सुकिला मुकिला र कर्मचारीतन्त्रको मनस्थिति र व्यवहार बुझ्नेहरूले फर्म खोल्ने गरेका छन् । कर्मचारीको मिलेमतोमा यस्ता व्यक्तिहरूले सहजै ऋण पनि पाउँछन् भने अनुदान पनि यस्तैले कुम्ल्याउने गरेका छन् । गाईपालन, माछा पालन, बाख्रा पालन, बंगुर पालन, स्लटर हाउस सञ्चालन लगायतका शीर्षकमा गएका ऋण, अनुदानको वास्तविक छानबिन गर्ने हो भने काम गर्नेले भन्दा देखावती फर्म सञ्चालन गर्नेले नै बढी हात पार्ने गरेका छन् ।

वास्तविक किसान जो खेतबारीमा रात दिन पसिना बगाउँछन्, उनीहरूले ऋण पाउने डकुमेन्ट तयार गर्नै सक्दैनन् । ऋण पाइहाले भने पनि गाउँघरमा सञ्चालित लघुवित्त र सहकारीहरूको चर्को ब्याजमा थोरै ऋण पाउँछन् । यस्तो ऋणले उनीहरूले कृषिमा कुनै परिवर्तन ल्याउन सक्दैनन् । उल्टै ब्याजको बोझले थिचेर भएका गाईवस्तु र घरखेत बेच्नसमेत बाध्य हुन्छन् । यता झोलामा कृषि फर्म बोक्नेहरूले सहुलियत ब्याजदरको ऋण र अनुदानसमेत कर्मचारीसँगको मिलेमतोमा पाउने गरेका छन् । कृषि क्षेत्रमा लगानी भइरहेको सरकारी पैसाको हिसाबकिताब समयमै राम्रोसँग नखोज्ने हो भने कृषिको लगानी बालुवामा पानी हुने खतरा चरम रूपमा बढिरहेको छ ।

हाम्रो देश अहिलेसम्म कुखुराको मासु र अन्डामा मात्र आत्मनिर्भर भएको छ । वार्षिक अर्बौंका खसी, बोका, राँगा मासुका लागि विदेशबाट ल्याउने गरिन्छ । दुधालु गाई, भैंसी पनि बाहिरबाटै ल्याएर पालिन्छ भने नेपालका रैथाने जातिका गाई, भैंसी लोप हुँदै गइरहेका छन् । दूधजन्य पदार्थ, माछा, खाद्यान्न, तरकारी विदेशबाटै ठूलो परिमाणमा आउने गरेका छन् । विगतमा धान चामल निर्यात कम्पनी खोलेर चामल निर्यात गर्ने गरेको इतिहास हामीसँग अहिले पनि छँदैछ । पूर्वमा विराटनगर र पश्चिममा भैरहवाबाट समेत धान चामल कम्पनीमार्फत चामल निर्यात हुने गरेको थियो ।

सरकारले बजेट विनियोजन गरे तापनि तल नपुगी बाटैमा लुट्न पल्केका लुटेराहरूले हत्याउने गर्नाले वास्तविक किसानहरू पेसाबाट नै वञ्चित हुनुपर्ने अवस्था सिर्जना भएको छ । पत्रपत्रिकाहरूमा केही पौरखी किसानका कथा छापिएको देखेर बिना सोचविचार लहडबाजीको रूपमा कृषिमा लाग्नेहरू पनि उल्टै ऋणमा डुब्ने गरेका छन् । पौरखी किसानहरू सानो मेहनतले मात्र चर्चित बनेका होइनन । दृढ संकल्प र निरन्तर आत्मविश्वासका साथ कर्मक्षेत्रमा लागेकाले नै उनीहरू सफल बनेका हुन् । फर्म खोलेर तत्काल ऋण, अनुदान पाउने आशामा कृषिमा हात हाल्नेहरू पनि कर्मचारी र दलालबीचको फिक्सिङ नबुझेर डुब्ने गरेका छन् ।

कृषि क्षेत्रलाई सरकारले साँच्चीकै माथि उठाएर मुलुकलाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन गरेर व्यापारघाटा घटाउन खोजेका भए सबैखाले विकृति विसंगतिको मिहन ढंगले अध्ययन गर्न जरूरी छ । ऋण र अनुदानका कमिसन खाने कर्मचारी, बिचौलिया, नक्कली किसानलाई कारबाही गरेर वास्तविक रूपमा काम गर्ने किसान र उद्यमीको पहिचान गरेर मात्र ऋण, अनुदान दिन उचित हुन्छ । जलविद्युतमा झोलामा खोला बोक्ने गिरोह जस्तै कृषिमा पनि झोलामा कृषि फर्म बोकेर हिंड्ने गिरोहको बिगबिगी बढिरहेको छ ।

# कुन बाटो रोज्ने माओको कि लेनिनको ?

## सन्दर्भ : नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवस



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

२००६ सालमा पुष्पलालको अग्रसरतामा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीले झण्डै सात दशकको जीवनकाल ब्यतित गरेको छ । यस सात दशकमा नेपालका कम्युनिस्ट पार्टीहरु झुण्ड झुण्ड र समूह समूहमा विभाजित भएका छन् । एकले अर्कोलाई दक्षिणपन्थी र उग्र वामपन्थीको विशेषण भिडाउने अनि पदको भागवण्डा मिल्दाको बेला सिद्धान्त र विचार ओझेल पर्ने नमिल्दा पार्टीलाई विखण्डन गर्ने संस्कारले गर्दा नेपालमा झण्डै दर्जनभन्दा बढी कम्युनिस्ट पार्टी भएको कारण नेपालको कम्युनिस्ट आन्दोलन वेवारिसी हुन पुगेको छ ।


**को को छन त जिम्मेवार ?**

पुष्पलाल बाँचुञ्जेल निरंकुश शासन व्यवस्था ढाल्न संयुक्त जनआन्दोलन आवश्यक छ भन्ने उनको सोचाइ विपरीत राजा महेन्द्रले सुरु गरेको पंचायत व्यवस्था एक किसिमले राजाले नेतृत्व गरेको वामपन्थी प्रणाली नै हो भन्दै तत्कालिन नेपाल कम्युनिस्ट पार्टीका महासचिव केशरजंग रायमाझी डिपी अधिकारी र कमलराज रेग्मीलाई बोकेर पंचायत छिरेपछि नेपालमा कम्युनिस्ट आन्दोलन प्रथम पटक वेवारिसी बन्न पुग्यो ।

नेपाली कांग्रेसका विश्वेश्वरप्रसाद कोइराला घोर कम्युनिस्ट विरोधी थिए । उनी आफ्नो र राजाको गर्दन जोडिएको छ भन्दै संयुक्त जनआन्दोलनको विरुद्धमा लागेका हुँदा यिनी बाँचुञ्जेल पंचायत ढल्ने अवस्था रहेन । २०३६ सालमा तत्कालिन राजा वीरेन्द्रले पंचायत कि बहुदल भनेर जनमतसंग्रह गराउँदा पंचायतको विपक्षमा संयुक्त प्रयास हुन नसक्दा बहुदल हार्‍यो र त्यसलाई विश्वेश्वरले स्वीकार गरे जसवापत उनले दरबारबाट रु ५० हजारको पुरस्कार पाएको दरबारका तत्कालिन सचिवहरु आजकाल पनि भन्दै हिँडछन् ।

विश्वेश्वरको मृत्युपछि गणेशमानको नेतृत्वमा रहेको कांग्रेस संयुक्त जनआन्दोलनको पक्षमा उभियो जस्को फलस्वरुप वामकांग गठवन्धन बन्यो । आन्दोलन चर्किंदै जाँदा राजा वीरेन्द्रले पंचायत समाप्त गरी बहुदलीय व्यवस्थाको पुन:स्थापना गरे । बहुदलीय व्यवस्थाको स्थापनासँगै मार्क्सवादी र माले एक भई एमाले बने । अब त कम्युनिस्टहरुले केही गर्लान् कि भन्ने आशा पलायो ।

प्रजातन्त्रको पुन:स्थापना पश्चात् २०४७ सालमा भएको आमचुनावमार्फत बहुमत प्राप्त गरी सरकार बनाएको कांग्रेसभित्र गिरिजाको निरंकुशताको कारण दलभित्रको आन्तरिक प्रजातन्त्र सुदृढ भएन । देशमा राजनीतिक अस्थिरताको बिजारोपण भयो । देश मध्यावधिमा धकेलियो । जस्मा कांग्रेसले हार बेहोरी एमालेले अल्पमतको सरकार बनाउने मौका पायो । तत्कालिन एमाले अध्यक्ष मनमोहन अधिकारीले प्रथम वामपन्थी प्रधानमन्त्री बन्ने मौका पाए । तर वामपन्थी प्रेमी नेपाली जनताको आशा भरोसालाई तुषारापात गर्दै उनले एमाले देखाउनको लागि मात्रै हँसिया हथौडाको ट्रेडमार्क बोक्ने दल तर



यथार्थमा सामाजिक प्रजातन्त्रवादी भएको जिकिर गरे । त्यतिमात्रै कहाँ हो र आफूलाई देशभक्त दल बताउने एमालले महाकालीमा राष्ट्रघात गरेपछि वामपन्थीहरु जन्मजात राष्ट्रवादी हुन्छन् भन्ने नेपाली जनताको विश्वासमा समेत घात हुन पुग्दा एमाले फुटेर राष्ट्रवादीहरुको बेग्लै दल माले बन्न पुग्यो । यसप्रकार नेपाली कम्युनिस्ट आन्दोलन यसको इतिहासमा दोस्रोपटक वेवारिसी बन्न पुग्यो ।

बहुदलीय संसदीय व्यवस्थाको स्थापनापछि सरकारमा आएका एमाले नामधारी वामपन्थीहरु राष्ट्रवाद र जनजीविकाको कुरामा चुक्न गएकै कारण आफूलाई क्रान्तिकारी ठान्ने नेकपा एकता केन्द्रको एक झुण्डले संसदीय व्यवस्था भनेको खसीको टाउको देखाइ कुकुरको मासु बेच्ने व्यवस्था हो । यसबाट राष्ट्रवाद र जनजीविकाको ग्यारेन्टी हुन सक्तैन भन्दै आफूलाई अनि माओवादी बताउँदै दीर्घकालीन जनयुद्ध शुरु गर्‍यो । हो न हो यी त साँच्चीकै वामपन्थी रहेछन् भनेर नेपाली जनताले विश्वास गरेकै कारण सशस्त्र आन्दोलनले उचाइ लियो । २०औं हजार नेपाली जनताका छोराछोरीहरुले आफ्नो अमूल्य ज्यान गुमाए । खरबौंको विकास संरचनाहरु नष्ट भए । तत्पश्चात् भारतको अगुवाइमा भएको १२ बुँदे दोस्रो दिल्ली सम्झौता कार्यान्वयन हुँदै जाँदा एकातर्फ नेपालबाट राजसंस्था उखेलियो तर अर्कोतर्फ ४० लाख आप्रवासी भारतीयहरुले नेपाली नागरिकता पाएपछि बल्ल नेपाली जनताले चालपाए माओवादी जनयुद्ध नेपाललाई सिक्किम बनाउने ग्राण्ड डिजाइनको एउटा कडी रहेछ भनेर । देशभक्त पनि नभएको र नयाँ नेपाल बनाउने नारा दिनपरदिन फोस्रो सावित हुँदै गएको कारण प्रचण्ड आफै ठाडो पुच्छर लगाइ सत्ता छोडी भाग्न वाध्य भए, बाबुराम त झन् अगाडि बढी आफ्नो असफलता लुकाउन संविधानसभा नै विघटन गरिदिए । माओवादीले न राष्ट्रवाद न जनजीविकाको ग्यारेन्टी गर्न सक्यो भन्दै माओवादी भित्रका आफूलाई राष्ट्रवादी सच्चा वामपन्थी बताउनेहरुले धमाधम पार्टी फुटाउन थाल्दा वैध एकातिर, विप्लव अर्कोतिर र बाबुराम त नयाँ शक्ति भन्दै आफ्नो बाबुलाई बोकी भारतको चारधाम तीर्थ गर्ने अवस्थामा पुग्दा नेपालको वामपन्थी आन्दोलन तेस्रोपटक वेवारिसी अवस्थामा पुग्यो ।

अहिले राष्ट्रघाती, भ्रष्टहरु एकजुट हुने क्रममा एमाले माकेको एकताको नाटक मंचन भइरहेको छ । यिनीहरु भ्रष्ट यसकारण हुन् कि यिनीहरुले आफ्नो अकूत सम्पत्तीको स्रोत जनसमक्ष राख्न चाहेका छैनन् । यिनीहरु राष्ट्रघाती यसकारण हुन् कि यिनीहरुले ४० लाख भारतीयहरुलाई नेपाली नागरिकता दिइसकेका छन् भने प्रचण्डले भारतमा गएर हस्ताक्षर गरेको संयुक्त वक्तव्यमा अन्तर्राष्ट्रिय मामलामा नेपाल र भारतको समान दृष्टिकोण रहने उल्लेख छ जुन महाराष्ट्रघाती कुरा हो ।

भारतले तिब्बतलाई विखण्डन गर्ने उद्देश्य लिई धर्मशालामा तिब्बतको निर्वासनको सरकार चलाउन दिइरहेको छ भने अमेरिकासँग मिलेर चीनलाई परास्त गर्ने भन्दै अन्तर्राष्ट्रिय कानुन विपरीत आणविक अस्त्रको विकास गर्दै छ । यस्तो भारतसँग नेपालको अन्तर ाष्ट्रिय मामलामा समान दृष्टिकोण रहन्छ भन्नु नेपालको भुटानीकरण हो । त्यस्तै गरी संविधानसभाले बनाएको संविधान च्यातौं र जनगणतन्त्र स्थापना गरौं भन्ने वैध, विप्लव, मोहनविक्रम अनि कट्टेल हो कि फट्टेल भन्नेहरु एकजुट हुँदैछन् रे भन्ने हल्ला बाहिर आएको छ । यो समूहहरुले लेनिनले जस्तै डुमा विघटन गरी जनगणतन्त्र स्थापना गर्ने हो वा माओले जस्तो चियाङ काइसेकको राष्ट्रिय सेनालाई परास्त गरी जनगणतन्त्र स्थापना गर्ने हो, केही बताएका छैनन् । पहिलो बाटो अपनाउने हो भने यही संसदीय व्यवस्थाभित्र छिरी दुईतिहाई बहुमत पुर्‍याई संसोधनको नाममा यही संविधानलाई समाजवादी गणतान्त्रिक संविधान बनाउन सकिन्छ । होइन भने पुन: जंगल पसी आफ्नै बुतामा राष्ट्रिय सेनालाई परास्त गर्ने पौरख देखाउन सक्नु पर्दछ जुन झण्डै शतप्रतिशत असम्भव छ ।

प्रचण्डको नेतृत्वमा भएको जनयुद्धले उचाइ लिनुको कारण भारतको समर्थनको रहेछ भनेर अहिले स्पष्टै भइसकेको परिप्रेक्ष्यमा यही बाटो त विप्लवले अनुशरण गर्ने होइन होला ? कि त चीनले सहयोग गर्नु पर्‍यो त्यो पनि त सम्भव छैन होला । यसरी हेर्दा संसदीय व्यवस्था मान्ने वामनामधारी एमाले माकेले पनि नेपाली कम्युनिस्ट आन्दोलनलाई चौथो पटक वेवारिसी बनाएका छन् भने विप्लवहरुको बाटोले पनि कालान्तरमा नेपाल कम्युनिस्ट आन्दोलनलाई वेवारिसी नबनाउला भन्ने आधार देखिएको छैन ।

राष्ट्रवादको जगेर्ना, जनजीविकाको ग्यारेन्टी र वैधानिक तरिकाबाट नै जनगणतन्त्र स्थापना गर्छु भनेर जनतासँग मत मागेको मालेले पनि विगतको चुनावहरुमा नराम्ररी हार ब्यहोर्नु परेको यथार्थ अगाडि छ । यसले पनि सच्चा नेपाली कम्युनिस्ट आन्दोलनलाई क्षति पुर्‍याएकै छ । मालेले आफ्नो लेनिनवादी अडानलाई कायमै राखेको परिप्रेक्ष्यमा एमाले माकेको राष्ट्रघात र भ्रष्टाचारको भण्डाफोर गर्न सकेमा मात्रै नेपाली मतदाताले मालेलाई पत्याउलान् अन्यथा नेपाल कम्युनिस्ट आन्दोलन सच्चा कम्युनिस्ट पार्टीको अभावमा विकृति, विसंगति, अकर्मण्यतातर्फ गएर नसिद्धिएला भन्न सकिन्न । नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवस मनाइरहँदा सोच्नुपर्ने कुरा यही हो ।

# सांसद बार तथा बेन्चहरुसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

संसद र सांसद त ठिकै हो बार तथा बेन्चमा कहीँ कतै मद तथा खतरनाक टाँडको भाव नआउने पनि होइन । स्थानीय मैथिल, नेवार, मगर आदिले श्रुतिमधुर शब्द नदीएसम्म यही शीर्षक राखौं ।

वर्तमान समयमा प्रगतिशील विश्वतर्फको मूल्यांकन गर्दा जनताको सार्वकालिक र सार्वजनिक प्राणीसहितको विश्व हित गर्ने सिद्धान्त बोकेकै समय हो । यसै कारण २ विश्वयुद्ध सकिएपछि धार्मिक, इसाई, मुस्लिम अथवा सत्तासुखकै लागि अमेरिकी आदि अन्य कारणले फाटफुट अशान्ति भए पनि जनतामुखी नै समय हो भन्न सकिन्छ । जनता प्राणीमुखी बन्नलाई सत्ता सञ्चालकले मै ठूलो भन्न पाइन्न । न्यायक्षेत्रलाई त्यो देशको विधान, सत्ता र आफूसमेत हेर्नुपर्ने हुनाले अलि बढी जिम्मेवारी प्रजातान्त्रिक मुलुकहरुमा दिइनु स्वाभाविकै हो । यत्ति कुरामा न्यायले घमन्ड लिनु पनि हुँदैन तर कहिलेकाहीँ घमन्ड लिइदिएमा समस्या आउँछ । त्यो घमन्ड न्याय क्षेत्रले बहसकर्ताको सार्वजनिक र सरकारी महान्यायाधिवक्ता र आफू छुट्टै हुँ कि भनिदीँदा समस्या आउँछ । नेपालमा पहिले पूर्वाधार भए पनि यो समस्या राजनीतिक दलहरुले ल्याइदिए ।

न्याय क्षेत्रकै कारणले सम्पूर्ण विश्व प्रजातन्त्रतिर डोरिएको हो । योजनाबद्ध विकास पनि भएको हो । मानव अधिकारको जोसकेको आर्थिक उन्नति पनि भएको हो । कम्युनिज्म र प्रजातन्त्र भन्ने छेकबार पनि मेटिँदै गएको हो । नेपाली साहस र संस्कृतिले विदेशले जित्न सकेनन् । यस्तो अवस्थामा न्याय क्षेत्रले विशेष गरी असाधारण अधिकार संविधानले दिएको सर्वोच्च अदालतले आफूले आफैंलाई नियन्त्रण गर्नैपर्ने दिन आएका छन् । त्यो नियन्त्रण बार तथा बेन्च संयुक्त नगरी हुन नसक्ने पनि यथार्थ हो । बारमा दलमुखी गराउँदा समस्या हुन्छ । बार न्यायमुखी समेत गराउने जिम्मेवारी सर्वोच्च अदालतकै हो । सर्वोच्चले आफ्ना सम्पूर्ण न्यायाधीशहरु मात्र

**याय क्षेत्रकै कारणले सम्पूर्ण विश्व प्रजातन्त्रतिर डोरिएको हो । योजनाबद्ध विकास पनि भएको हो । मानव अधिकारको जोसकेको आर्थिक उन्नति पनि भएको हो । कम्युनिज्म र प्रजातन्त्र भन्ने छेकबार पनि मेटिँदै गएको हो ।**

तर पनि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीमाथि अन्तिममा महाभियोग लागि किन फिर्ता हुनु परेको हो ? भारतमा महाअभियोग न्याय क्षेत्रमा किन उठ्नु ? नेपालमा भर्खरै प्रधानन्यायधीशले आफ्नै जन्ममितिमा किन विवाद झिक्नु ? यी व्यक्तिगत र कार्यगत त भए भए नेपालको गुप्तचरी हेर्ने निकायहरु दलीय भागबन्डा हुन जाँदा विदेशले चरचेवा गर्न पाएको पनि दशकौं भइसक्यो तैपनि नेपाली न्यायमा पूर्वाधार भएकैले र होइन, सम्पूर्ण बार क्षेत्र हेर्नैपर्छ अनि मात्र सर्वोच्च अदालतको नेपालका असाधारण अधिकारहरु पनि अकुन्ठित रहन्छन् । बेला बेलामा नेपाल सरकार तथा जनताका सहयोगी भइरहन पाउने नै छन् ।

**छोटकरीमा**

(१) महान्यायाधिवक्ता अन्तर्गत दायर भएका मुद्दाको प्रमाण संकलन राम्रो छ छैन ? कति हारियो कति आंशिक ठीक भयो भनी बहस मात्र होइन, प्रत्येक मुद्दाको निगरानी पनि सर्वोच्च अदालतले जुनसुकै उपाय अपनाएर गर्नुपर्छ । सार्वजनिक बहसकर्ताहरुतर्फ बहस गर्ने कानुन व्यवसायी प्रत्येकको नेकीवदीकै रुपकै व्यक्तिगत अभिलेख राख्न सांसदको सहयोग लिनुपर्ने भए लिएर कानुनी रुपमै तयार रहन राम्रो हुन्छ ।

(२) आफ्ना अन्तर्गत जिल्ला क्षेत्रका न्यायाधीशहरुको व्यक्तिगत एउटा र मुद्दागत अर्को नेकीवदी तयारी हालतमा गोप्य समेत राख्नु परे राख्ने समय आएका छन् ।

(३) न्याय क्षेत्रको सुधारार्थ विदेशी हरिप्रसाद प्रधानको सट्टा नेपाली प्रधानन्यायाधीश राजा महेन्द्रले पनि राखेकै हुन् । नजिरहरुको संकलन गरी उसैबखतदेखि काम भएकै हो र कतिपटक सत्ताले सर्वोच्चको राय लिएकै हो ।

(४) यस्तो अधिकार सम्पन्न असाधारण अधिकार भएको संविधानपालक सर्वोच्चले आफू र आफ्ना अन्तर्गत अदालतहरुमा भ्रष्टाचार मुद्दाहरु सत्ताको चापले राखिरहेको हुँ भनी कहिल्यै भन्न मिल्दैन तर न्यायले राखेको छ, राख्नु हुँदैन । यस्तो गरियो भने अन्तर्राष्ट्रिय टीका टिप्पणी नेपालले खपिरहनु पर्छ ।

(५) न्यायाधीशहरुले नै पनि भ्रष्टाचार गरी धन कमाउन नपाउने नेपाल सरकारका सम्पूर्ण कर्मचारीसरह नै समान ऐन नियम लागू गराउन न्याय क्षेत्रले सांसदहरुसँग अपेक्षा गर्नुपर्छ ।

# मैले देखेको त्रिचालीसौं विश्व सम्पदा : लण्डनको दरबार टावर र किल्ला

सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा लण्डनको टावर यस्तो देखिन्छ



दरबारभित्रको जवाहरत संग्रह



दरबार टावरमा रहेको सैनिक बन्दोबस्ती



काठले बनाएको भऱ्याङ नै टावरको प्रवेशद्वार रहेछ




दरबारको मेनाजरीमा रहेका जनावरका मूर्तिहरू



लण्डन टावरसँगै टावर ब्रिज र लण्डन सहर



टावरभित्रको शाही प्रार्थना कक्ष



लण्डन टावरको किल्लामा सुरेन्द्र सन् १९८९ मा

मार्गारिट चर्च र टावर ब्रिज हेरिसक्दा दिनको चार बजिसकेको थियो । लण्डन टावर किल्ला हेर्ने काम भोलिपल्टलाई राखी हामी लण्डन सहरको मुटु पिकाडेली र वरपर घुमी समय बितायौं र करिब ७ बजेतिर क्याम्पिङ साइटतर्फ फर्क्यौं । कारमा सुतेको हामी भोलिपल्ट बिहान उठ्दा ९ बजेको पत्तै पाएनौं । छिटो छिटो हात मुख धोइ बिहानको हल्का खाना क्याम्पिङ साइटकै रेष्टुराँमा खाएर हामी लाग्यौं लण्डन टावर हेर्नतिर ।

## लण्डन टावर

आधिकारिक रुपमा कुनै बेलाको बेलायतको शाही दरबार, किल्ला र लण्डन टावर भनिने यो ठाउँ थेम्स नदीको उत्तरी किनारमा अवस्थित रहेछ। सन् १०६६ को अन्त्यतिर बेलायतलाई नोरमानहरुले विजय गरेको अवस्थामा स्थापना हुन पुगेको यो दरबार क्षेत्र लण्डनको ज्यादै ऐतिहासिक र पुरातात्विक मानिदो रहेछ। यहाँको श्वेत टावर विलियम महानले सन् १०७८ मा बनाएका रहेछन । टावरसँगैको किल्ला चाहिँ सन् ११०० सम्म कैदखानाको रुपमा प्रयोग भएको रहेछ । यद्यपि वकिङघम दरबार बनिनसकेको अवस्थाको यो किल्ला र दरबार नै बेलायतको राजारानीको निवास रहेछ ।

यस दरबार क्षेत्रलाई १२ देखि १३ औं शताब्दिबीच रिचार्ड प्रथम, हेनरी द्वितीय र एडवार्ड प्रथम जस्ता बेलायती राजाहरुको राज्यकालमा विभिन्न चरणमा गरी फैलाउने कार्य भएको रहेछ । बेलायतको इतिहासमा लण्डन टावरको छुट्टै अस्तित्व रहेछ । यस टावरलाई जितेर जस्ले आफ्नो नियन्त्रणमा लिन सक्यो उसैले बेलायतको शासन गर्ने गरेको परम्परा रहेछ । यस टावर क्षेत्रमा हतियार र बन्दोबस्तीको उत्पादन, टक्सार, किताबखाना र शाही जवाहरातलाई सुरक्षित तवरबाट राख्ने ढुकुटी समेत रहेछ ।

१४औं शताब्दिदेखि राजा चार्ल्ससम्म सबै राजाहरुको राज्याभिषेकको लस्कर यही टावरबाट शुरु भई वेस्ट मिनिस्टर एब्बीमा पुगेर अन्त्य हुने गर्दो रहेछ । १५ औं शताब्दिपछि भने यो टावर क्षेत्र शाही निवासभन्दा पनि बढी कारागारको रुपमा प्रयोग गर्न सुरु गरिएको रहेछ । शाही परिवारलाई कैद गर्नुपऱ्यो भने जेलचलान गरेको नभनी लण्डन टावरमा नजरबन्द गरिएको भन्ने चलन रहेछ। सोअनुरुप बेलायतकी रानी हुनुभन्दा अगाडि एलिजावेथ प्रथम पनि यहाँ नजरबन्दमा परेकी रहिछन् ।

यस क्षेत्रमा विश्वयुद्धको बेलासम्म गरी ७ जना मृत्युदण्डस्वरुप काटिएका रहेछन् । १९औं शताब्दिमा शाही टक्सार यहाँबाट हटाएपछि यस क्षेत्रका दरबारका कक्षहरु रित्ता हुन पुगेका रहेछन् । दोस्रो विश्वयुद्धपछि चट्याङको कारण क्षतिग्रस्त भएको यस टावर र दरबार क्षेत्र जिर्णोद्धारपश्चात पर्यटक स्थलको रुपमा सबैको लागि खुला गरिएको रहेछ । हाल दरबारकै गुठीमार्फत यसको मर्मत सम्भार हुने यो क्षेत्र युनेस्को विश्व सम्पदा सूचीमा रहेको छ ।



लण्डन टावरमा पर्यटकको घुइँचो

यस दरबार क्षेत्रको सबैभन्दा बलियो संरचना भनेको मध्यकालिन समयको श्वेत टावर रहेछ । यही टावरभित्रको दरबारमा राजारानीको सयन कक्ष रहेछ र ११ औं शताब्दिको विश्वका राजाहरुको दरबारहरुमध्ये एक उत्कृष्ट दरबारमा पर्दो रहेछ । तीन तला भएको यो दरबार टावर ९० फिट मात्रै अग्लो रहेछ । प्रवेशदारको काठे भऱ्याङ शत्रुको आक्रमण हुने खतरा देखिएमा सजिलै झिक्न मिल्ने गरी बनाइएको रहेछ । दरबारको पहिलो तलामा सेन्ट जोन च्यापेल नामक शाही परिवार र नातागोताको लागि भनेर विशाल प्रार्थना कक्ष र शयन कक्षहरु रहेछन् ।

दरबार टावरको भित्री भाग हेर्दा दुरुस्तै सैनिक किल्ला जस्तो देखिदो रहेछ। यस दरबार टावरभित्र विभिन्न बेलायती राजाहरुले विभिन्न देशहरुबाट ल्याएका जनावरहरु राख्ने स्थल (मेनाजेरी) पनि रहेछन । जस्मा रोमन वादशाह फ्रेडेरिक द्वितीयले उपहार दिएको तीन वटा चितुवा, नर्वेका राजा हाकोन चौथौले दिएको हिम भालु, फ्रान्सका लुई नवौंले दिएको अफ्रिकाली हात्ती आदि रहेछन् । तर बेलायतको जाडोले गर्दा कालान्तरमा यी जनावर मरेका कारण धातुको यिनीहरुको मूर्ति बनाइ दरबार परिसरमा राखिएको रहेछ ।


Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

अनलाइन उजूरी विधि अवलम्बन गरौं, आफ्नो कुरा प्रष्ट पारौं ।
विभिन्न सञ्चारमाध्यममा आएका समाचार सामग्रीहरू पत्रकार आचारसंहिता प्रतिकूल भएमा प्रेस काउन्सिल नेपालको वेवसाइट
www.presscouncilnepal.org
मा गई अनलाइन उजूरी गर्न सकिनेछ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# परनिर्भरताको भयावह आँकडासँगै तरलीकृत रेमिट्यान्स

■ उपेन्द्र झा

नेपाल प्राकृतिक सौन्दर्य तथा संसारको सर्वोच्च शिखर "सगरमाथा" को कारणले विश्व रंगमञ्चमा आफ्नो पहिचान बनाएको छ । हिम आच्छादित हिमाली श्रृँखला, सृष्टिको साक्षीको रूपमा ठडिएको असंख्य पर्वतमाला, हिमतालका साथ अन्य विभिन्न तालको मनमोहक सुन्दरता, दुर्लभ बन्यजन्तु तथा आकर्षक चराचुरूङ्गीले सजिएको नेपालको प्राकृतिक छटाको अवलोकन यी सारा कुरा नेपालको विशिष्ट आकर्षक पक्ष हुन् । यही कारण सगरमाथा आरोहण गर्न संसारभरिका पर्यटकहरू नेपाल आउने गर्दछन् । पहिलो पटक हिमाल चढ्ने तेन्जिङ्ग शेर्पा नोर्केले नेपालमा सगरमाथा आरोहण गर्ने विश्व पर्यटकका लागि द्वार खोलेका हुन् । पर्यटकको नियमित आगमनपछि नेपाल विश्व सामु परिचित भएको हो ।

नेपालमा प्राकृतिक सम्पदा प्रचूर मात्रामा रहेको तथा नेपालमा प्रकृतिको साक्षात दर्शन हुने पर्यटकहरूको विस्तारै आकर्षण बढ्यो । नेपालको भौगोलिक विकटता पनि पर्यटकको लागि आकर्षणको केन्द्र बन्यो । दायाँ बायाँ दुई महाशक्ति देश (चीन र भारत) अवस्थित रहेकोले नेपालप्रति विश्वको चासो बढ्न थाल्यो । सगरमाथाको पहिलो पटकको आरोहणदेखि अहिलेसम्म ६७ वर्ष बितेको छ । झण्डै सात दशकको अन्तरालमा नेपालको वैदेशिक सहयोग, आन्तरिक आयको लेखाजोखा, शासकहरूको प्रवृति र क्रियाकलाप, परराष्ट्र सम्बन्ध र विकासको समीक्षा संक्षिप्त रूपमा बुझ्न कसलाई मन लाग्दैन । यही जिज्ञासा मेट्न आत्मानुभूतिका केही शब्द यहाँ प्रस्तुत गरको छु ।

मैले राणाका जहाँनियाँ शासनको अन्त्यपछि पजातन्त्रको स्थापनाकालदेखिको अवधिलाई समीक्षाको विषय बनाएको छु । ९ महिनेको शिशु प्रजातन्त्रले बनाएको सरकारलाई अपदस्थ गरि २०१७ सालमा राजाले पंचायती शासन व्यवस्था लागू गऱ्यो । राजाको यो कदमलाई वी.पी.कोईरालाले राष्ट्रियतामाथिको हस्तक्षेप भन्यो । राष्ट्रियतामाथिको हस्तक्षेप भनेर वी.पी.ले अर्को पनि राष्ट्रियता रहेको संकेत गरेका छन् । दुई शासकको दुई राष्ट्रियतालाई इंगित गरि वी.पी.ले पारस्परिक अन्तर्विरोधलाई पनि देखाएको छ ।

प्रजातान्त्रिक सरकारको अल्पकालीन उपस्थिति रहेकोले यिनको क्रियाकलाप परिक्षणकाल मै समाप्त भएकोले समीक्षाको विषय नै रहेन । अत: पंचायत अधिनायकवादी राजतन्त्र नै शासनमा सक्रिय रहेकोले यहींबाट क्रम जोडौं । राजावादी कट्टरपंथीहरूको शासन ३० वर्षसम्म चल्यो । बिना कुनै अवरोधका पूर्णकालिक सरकारहरू भए । स्थिर सरकार भएकोले विदेशी लगानी पनि निर्वाध रूपमा आइरहेको थियो । कल कारखानाहरू पनि खुले । विकासका ठुल्ठूला योजनाहरू कतिपय कागज मै सिमित रहे भने कतिपय व्यवहारमा पनि देखिए । सहयोगका असिमित धनराशिहरूले व्यक्तिगत स्वार्थलाई बढावा दियो । उद्योगधन्दा फस्टाउनुभन्दा व्यक्तिगत स्वार्थ निकै फस्टायो । व्यक्तिगत स्वार्थको शिकार भएर उद्योग धन्धाहरू रूग्न भए । अथवा भनूँ उद्योग धन्धालाई रोगग्रस्त बनाईयो । उद्योगधन्धालाई समस्याग्रस्त बनाईनुको पछाडि वैदेशिक सहयोग निरन्तर प्राप्त गरि रह्ने नियत थियो । प्राविधिक कारण देखाएर उद्योगलाई समस्यामा राखी वैदेशिक सहयोग प्राप्त गर्ने नियतको लामो अभ्यासले यो राज्यसत्ताको संस्कार नै बन्यो । नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीहरू पंचायती सरकारको विरोधमा संघर्ष गरि रहेका थिए । राजतन्त्रले देश कसरी लुटि रहेको छ भन्ने कुरा पार्टीहरूले जनतालाई बुझाई रहेका थिए । पंचायती सरकार राजाको छत्रछायामा जनताको अधिकारलाई वेवास्ता गरि व्यक्तिगत स्वार्थ पूरा गरि रहेको जनताले पनि अनुभव गरि रहेका थिए । जनचेतना बढ्दै जाँदा यिनको संगठन पनि बढ्दै गई रहेको थियो । जनचाहना पूरा नभएको अवस्थामा जनता पार्टीहरूलाई विश्वास गर्न बाध्य थिए । पंचायतप्रति वितृष्णा बढ्दै गई रहेको थियो ।

प्रजातन्त्र पुनर्स्थापनाका लागि अनवरत संघर्षरत नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीले ०४६ सालमा संघर्षद्वारा सत्ता खोस्न सफल भए । प्रजातन्त्रको पुनर्स्थापना भयो । कथित एकतन्त्रीय शासनको अन्त्य भई प्रजातान्त्रिक सरकारको उदय भएपछि जनतामा पनि अपेक्षा पूरा हुने चाहनाले हर्षोल्लासको वातावरण थियो । विश्वका प्रजातान्त्रिक देशहरू पनि खुशी थिए । नयाँ प्रजातान्त्रिक सरकारको पुनर्स्थापनाले वैदेशिक लगानीलाई पनि प्रोत्साहित गरेको थियो । सबैको अपेक्षा पूरा हुने अवसरको रूपमा राष्ट्रिय, अन्तर ाष्ट्रिय सबै शक्ति नेपालको राजनीतिमा सक्रिय भएका थिए । वैदेशिक लगानीलाई प्रोत्साहित गर्न सरकारले अनुकूल वातावरण पनि निर्माण गऱ्यो । वैदेशिक लगानीको ओइरो लाग्यो । सरकार बदले पनि संयन्त्र भने परम्परागत अवस्थाको नै हस्तान्तरण भयो ।

जन अपेक्षा पूरा गर्ने र देशलाई विकासको बाटोमा अग्रसर गराउने नेतृत्व मण्डलीको प्रवल चाहनालाई ब्यूरोक्र्यासीले स्वार्थ पूर्तिको चाहनामा रूपान्तरण गराएरै छाड्यो । जन अपेक्षा मात्र होइन, देश विकासको गति पनि अवरूद्ध भयो । धेरै उद्योगधन्धाहरू खुले पनि उसलाई पंचायत व्यवस्थाकालका रोग (समस्याग्रस्त बनाई लगानी तान्ने) संक्रमित भयो । प्राविधिक गडबडी देखाएर वैदेशिक सहयोग तान्ने पूर्व प्रचलनलाई नै अभिष्ट बनाएर प्रजातान्त्रिक सरकार अगाडि बढ्यो । व्यक्तिगत स्वार्थमा चुर्ल्लुम्म डुबेका प्रजातान्त्रिक सरकारले जनताले विश्वास गरेर दिएको बहुमतको जनादेशलाई पनि बेवास्ता गरि पार्टी विभाजनसम्मको नैतिकहीनता देखाए । जन अपेक्षा पूरा गर्ने कुरा बिर्सेर व्यक्तिगत स्वार्थ पूर्तिको बढ्दै गएको निशामा सिङ्गो पार्टीहरू डुबे । त्यतिबेला नेपाली काँग्रेस र एमाले दुईवटा पार्टी थिए । सत्तालिप्साले सबैलाई भ्रष्ट बनायो । जन चाहनालाई वेवास्ता गरेपछि देशमा राजनीतिक अराजकता व्याप्त भयो । राजनीतिक परिस्थितिको अनुकूलतालाई अनुभव गरि राजाले प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरि शासनसत्ता आफ्नो हातमा लियो । त्यसपछि जन समर्थन गुमाई सकेका प्रजातान्त्रिक सरकारले आफ्नो अनुहार आईनामा हेर्दा नचिनिने अवस्थामा पुगेको थियो ।

लूट परम्पराको निरन्तरतामा नेपाल कछुवाको गतिमा अगाडि बढेपनि उपलब्धिमूलक परिणाम भने दिन सकेन । देश विस्तारै परावलम्बी हुँदै गयो । चालू आर्थिक वर्षको ६ महिनामा कुल वस्तुको आयात १५ प्रतिशतले बढेर ५ खर्ब ३४ अर्ब १६ करोड रूपया पुग्दा वस्तु निर्यात ४१ ऋर्ब १४ करोडमा मात्र सिमित रहेको छ । गत आर्थिक वर्षभरिमा ९ खर्ब १७ अर्ब रूपियाँ बरावरको व्यापार घाटा भएको थियो भने यो वर्ष १० खर्बको व्यापार घाटा अनुमान गरिएको छ ।

देशमा उत्पादन बृद्धि नहुनु, उद्योगधन्धाहरू फस्टाउन नसक्नु, तथा कृषि उत्पादन समेत आयात गरिनुले देशको अर्थतन्त्र कति भयावह स्थितिमा छ भन्ने कुराको सम्बन्धमा नेपाल राष्ट्र बैंकले पनि चिन्ता जाहेर गरेको छ । नेपालको आर्थिक वृद्धिदरको अवस्था पनि विकराल छ । सन् २००८ मा नेपालको आर्थिक वृद्धिदर ६.१% थियो भने २०१६ मा सबै वर्षभन्दा कम ०.६% देखाएको छ । आर्थिक वृद्धिदर कृषिमा आधारित हुन्छ । कृषि उत्पादन नै हामी आयात गरि रहेका छौं भने आर्थिक वृद्धिदरलाई हामी अपेक्षित रूपमा उकास्न सकि रहेका छैनौं ।

दक्षिण एशियाली मुलुकहरूमा एक दशकको अवधीको आर्थिक वृद्धिदर भुटान ६.८%, अफगानिस्तान ६.४%, बंगलादेश ६.३%, श्रीलंका ५.७%, मालदिभ्स ४.७%, नेपाल ४.३% र पाकिस्तान ३.७% का दरले हासिल गरेको छ ।

आर्थिक वृद्धिदरमा कृषिको जस्तो गार्हस्थ्य उत्पादनको पनि उतिकै योगदान छ । प्रस्तुत आँकडाले पनि नेपाल कति गहिराईमा छ भन्ने कुरा प्रष्ट हुन्छ । दक्षिण एशियामा सन् २०१६ मा प्रकाशित कूल गार्हस्थ्य उत्पादनका आधारमा माल्दिभ्स (१०११८.९ यू.एस. डलर), चीन (८१२३.२ यू.एस. डलर), श्रीलंका (३८३५.४ यू.एस. डलर), भुटान (२७७५.५ यू.एस. डलर), भारत (१७० ९.६ यू.एस. डलर), पाकिस्तान (१४४३.६ यू.एस. डलर), बंगलादेश (१३५८.८ यू.एस. डलर), नेपाल (७२९.१ यू.एस. डलर) र अफगानिस्तान (५६१.८ यू.एस. डलर) रहेको छ । यो आँकडामा माल्दिभ्स पहिलो स्थानमा छ भने सवभन्दा कम स्थानमा अफगानिस्तानभन्दा माथि नेपाल रहेको छ ।

नेपालको गरिबी २९ प्रतिशत छ । झण्डै पौने एक करोड जनता गरिब छन् । नेपालका राजनीतिक दलहरूको योजना माँगी खाने भाँडो भएको छ । बाम गठबन्धनले आफ्नो घोषणापत्रमा आगामी ५ वर्षमा प्रतिव्यक्ति आय ५ हजार पुऱ्याउने उल्लेख गरेकै आधारमा उसले बहुमत पाएको हो । तर लक्ष्य प्राप्त गर्न कुनै तजुर्वा नरहेकोले यो प्रतिबद्धता झूठो साबित हुनेमा यिनको कुनै पछुतो पनि छैन ।

# महिलामा पाठेघर खस्ने समस्या बढ्दो

## जाजरकोटमा धेरै महिला पाठेघर खस्ने समस्याबाट पीडित छन् । तर, उनीहरूको उपचारमा सरकारी निकायको खासै चासो देखिन्न ।

जनक केसी

जाजरकोट । नायकवाडा- २ जिरीकी दुर्गा सिंहको १५ कात्तिक ०७२ मा मृत्यु भयो । २० वर्षदेखि पाठेघर खस्ने समस्याबाट पीडित ४३ वर्षीया दुर्गाको समयमै उपचार हुन नसक्दा अकालमै ज्यान गएको हो । सानै उमेरमा बिहे गरेकी दुर्गाले गरिबी र भौगोलिक विकटताका कारण गतिलो उपचार पाउन नसकेर अकालमै ज्यान गुमाएकी थिइन् । स्थानीय कालीबहादुर शाहीका भनाइमा तीन छोरीकी आमा दुर्गाका लागि पाठेघर खस्ने समस्याको उपचारका लागि कतैबाट उपचार सहयोग नजुटेका कारण ज्यान गएको हो । 'उपचार कहाँ र कसरी गर्ने भन्ने केही थाहा भएन । धामी-झाँक्रीको भर परियो । आज श्रीमतीको ज्यान गयो,' दुर्गाका श्रीमान् नयनबहादुर सिंहले दुःखेसो गरे । दुर्गाजस्तै पाठेघर खस्ने समस्याबाट जिल्लामा धेरै महिलाले ज्यान गुमाउनुपरेको छ र धेरैले शारीरिक पीडासमेत भोग्नुपरेको छ । दुर्गाजस्ता धेरै महिला उपचारको अभावमा लामो समयदेखि पीडाको जीवन बाँचिरहेका छन् ।

दसेरा- ८ की धनसरा नेपालीको उमेर ५९ वर्ष पुग्यो । उनी १८ वर्षदेखि पाठेघर खस्ने समस्याबाट पीडित छिन् । १४ वर्षको उमेरमा बिहे गरेर ५ छोराछोरी जन्माएकी धनसरालाई पाठेघर खस्ने समस्याका कारण आधा जीवन मरेसरह भएको छ । ०७२ माघमा मिसन अस्पताल चौरजहारीमा अप्रेसन गरेपछि उनको अवस्था सामान्य छ । तैपनि आफूलाई पीडित ठान्छिन् उनी । पाठेघर खस्ने समस्याले गर्दा १८ वर्षसम्म निकै ठूलो दुःख पाएको उनले बताइन् । यही कारण घरमा कामकाज गर्न पनि समस्या भएको धनसरा बताउँछिन् ।

भुर- ९ की बिर्मी पुनले १३ वर्षदेखि पाठेघर खस्ने रोगका कारण धेरै दुःख पाइन् । १६ वर्षकै उमेरमा बिहे गरेकी बिर्मीका वर्षेनीका सन्तान छन् । पीडित बिर्मीले समयमै गतिलो उपचार नपाउँदा १३ वर्ष कष्टपूर्ण जीवन बिताउनुपरेको थियो । गाउँमा आङ खस्ने समस्याको रूपमा परिचित पाठेघर खस्ने समस्याका कारण आफूले सजिलोसँग दिन काट्न नपाएको र घरायसी काम पनि गतिलोसँग गर्न नपाएको बिर्मीले बताइन् । नायकवाडाकी मृतक दुर्गा, लामो समय कष्टपूर्ण जीवन बाँचिरहेकी दसेराकी धनसरा र भुरकी बिर्मी मात्र होइन, जिल्लाका १० हजारभन्दा बढी महिलामा पाठेघर खस्ने समस्या छ । जिल्लामा सबैभन्दा बढी पाठेघर खस्ने समस्या भएको गाविस मजकोट रहेको वातावरणीय कृषि विकास केन्द्र केडका जिल्ला कार्यक्रम अधिकृत रामविक्रम शाहले बताए । केन्द्रले यसबारे जनचेतना जगाउन विभिन्न कार्यक्रम गर्दै आएको छ । उनले सानो उमेरमा गरिने विवाह, गर्भवती र सुत्केरी अवस्थामा पोषणयुक्त खानाको अभाव, गह्रौं भारी बोकाइ, वर्षेनी धेरै बच्चा जन्माउने र जनचेतना अभावजस्ता कारणले जिल्लामा पाठेघर खस्ने समस्या गम्भीर बन्दै गएको बताए ।

तेह्र-चौध वर्षकै उमेरमा विवाह गरेर विभिन्न कारणले पाठेघर खस्ने समस्याबाट पीडित बनेका धेरै ग्रामीण भेगका महिलाको समस्या उपचार अभावमा झन् भयङ्कर बन्दै गएको सरोकारवालाहरू बताउँछन् । जिल्लामा क्रियाशील विभिन्न सङ्घसंस्थाका अनुसार कुल विवाहितमध्ये ४७ प्रतिशत महिलामा पाठेघर खस्ने समस्या छ । जिल्लामा नौ वर्षदेखि पाठेघर खस्ने समस्याबाट पीडित महिलाको पहिचान तथा उनीहरूको निःशुल्क उपचारका लागि गरिएको प्रयासबाट अहिलेसम्म जम्मा २ सय ३७ को उपचार गरिएको केडका जिल्ला कार्यक्रम अधिकृत शाहले बताए । शाहका भनाइमा जिल्लामा २१ देखि ८० वर्षसम्मका महिला पाठेघर खस्ने समस्याबाट पीडित रहेको भेटिएको छ । उपकरण अभावमा जाजरकोटमा अप्रेसनको सम्भावना नभएपछि जिल्लाका पीडित महिलालाई चौरजहारी तथा कोहलपुरको मेडिकल कलेजमा उपचार गर्ने गरिएको छ ।

जिल्लामा पाठेघर खस्ने रोगबाट पीडित महिलाका लागि सरोकारवालाहरूको पहलमा 'पाठेघर उपचार कोष' स्थापना गरिएको छ । यसले पाठेघर खस्ने समस्या भएका महिलालाई सम्पूर्ण उपचार खर्च व्यहोर्न सहयोग पुगेको जिल्ला स्वास्थ्य कार्यालयकी पब्लिक हेल्थ नर्स सरिता चन्दले बताइन् । उनले जिल्ला अस्पतालमा सुविधा र उपकरण नभएका कारण पाठेघर खस्ने समस्या भएका बिरामी महिलालाई अप्रेसन र थप उपचारका लागि चौरजहारी र नेपालगन्जका अस्पतालमा 'रिफर' गर्ने गरिएको बताइन् । उनका अनुसार जिल्लामा ३० प्रतिशतभन्दा बढी महिला पाठेघर खस्ने समस्याबाट पीडित भएको र त्यसमध्ये ५ प्रतिशत महिलालाई अप्रेसन नगरी नहुने अवस्था छ । यस वर्ष पाठेघर खस्ने समस्यामा परेका महिलाको उपचारका लागि जिल्लामा तीनवटा शिविर सञ्चालन गर्न लागिएको चन्दले बताइन् ।

जिल्लामा धेरै महिला पाठेघर खस्ने समस्याबाट पीडित भएको र उनीहरूका लागि सरकारी निकायले गतिलो ध्यान नदीएको स्थानीय समाजसेवी सरिता सिंहले बताइन् । उनले गाउँमा अशिक्षा, अज्ञानता र गरिबीका कारण महिलाले पाठेघर खस्ने रोग लुकाएर कष्टपूर्ण जीवन बाँचिरहेको बताइन् । महिलाको जीवन निकै कष्टपूर्ण बनाउने पाठेघर खस्ने समस्यालाई सरोकारवालाले गम्भीरताका साथ नलिएका कारण यो भयङ्कर रूपमा बढ्दै गएको सिंह बताउँछिन् । 'कष्टपूर्ण पीडा कस्तो हुन्छ त्यो भोग्ने महिलालाई मात्र थाहा छ,' उनले भनिन् । नागरिक समाजका अगुवा राजेन्द्रविक्रम शाह पाठेघर खस्ने समस्या जाजरकोटमा निकै गम्भीर भएकाले सरोकारवाला निकायले बेलैमा सोच्नुपर्ने बताउँछन् । उनले दीर्घकालीन रूपमा योजनाबद्ध तरिकाले यसलाई हल गर्न सबै सरोकारवाला लाग्नुपर्ने सुझाब दिए ।

(सञ्चारिका फिचर सेवा)

बांगा कविता

# ज्योतिषी विद्या



● प्रेम ओली (ढकलपुरे)

एक दिन एउटा ज्योतिषीलाई
सयको नोट थमाउँदै आफ्नो हात देखाएँ
ज्योतिषीले पनि पावरदार चश्मा नाकमा टेकाए र भने
अहिले तिमीलाई राहु र केतु लाग्या छ
धेरै वर्षपछि शनी पनि जाग्या छ
तिमीले जेमा हातहाले पनि घाटैघाटा हुन्छ
त्यसैले तिम्रो भाग्य अली पर पर भाग्या छ
अरुलाई दिएको पैसो पनि नफर्किने हुन्छ
तर चिन्ता गर्नु पर्दैन
यो ग्रहगोचरले दुई चार दाम माग्या छ ।

केही महिनापछि
तिनै ज्योतिषीलाई हजारको नोट थमाएँ
हत्त न पत्त ज्योतिषिले मेरो हात समाए र भने
अब तिम्रो भाग्य झन्झन् राम्रो हुँदैछ
भाग्य खराब त बरु अब हाम्रो हुँदैछ
तिमीले जेमा हात हाले पनि ब्यापार बिजिनेस फल्छ
अब तिम्रो अगाडि न राहु न केतुको कै चल्छ ।

केही वर्षपछि
तिनै ज्योतिषीलाई दुईचार हजार टक्राएँ
र मेरो हात हेर्नुस् त गुरु भन्दै हात पक्राएँ
ज्योतिषीले हजार नोटले तिर्मिराउँदै भने
तिम्रो भाग्य अब बत्ती जस्तै झिलिक्क बल्या छ
राहु केतु अब सुकेको रुख जस्तै ढल्या छ
तिमीले जे छोए पनि
त्यो ती लक्ष्मी भएर आउँछ
यस्तो भाग्य त साँच्चै भगवान मात्र पाउँछ
अब तिमी लाखको के कुरा करोडौं करोडमा खेल्छौ
तिम्रा चिन्ता दिन सकिए जस्तो सङ्कट पनि झेल्छौ
तर आफ्नो समस्या भने
हिजो जस्तो थ्यो आज पनि त्यस्तै थियो
थाहपाइहाल्नु भो नि अब तपाईले पनि
यि नामी भनेका ज्योतिषीको विद्या कस्तो थियो ।

# गजल

मान्छु भन्छ जे भनेनी, साँच्चै माया गर्छ कि त
मेरो मनको बगैंचामा, माली बनी चर्छ कि त
गाउँको लर्के ठिटो ऊ, म त रानी सहरकी
साबित गर्न चोखो माया, बसाई यतै सर्छ कि त
पेसाले ऊ देशको रक्षक, मेरो भक्षक हुन्न अरे
अस्वीकार्दा उसको प्रेम, गोली ठोकी मर्छ कि त
धनी बाउको एक्ली छोरी, माग्न आए दिन्नन पक्कै
भागी बिहे गरुँ भने रुँदै हिँड्न पर्छ कि त
समयमै सही निर्णय, लिन मैले नसक्नाले
फूलजस्तै जोवन पनि, ओइलिएर झर्छ कि त

रचना : कल्पना घर्ती (थापा)
साभार : सामाजिक सञ्जाल

कथा

■ लक्ष्मी उप्रेती

# रजनीको मुक्त आकाश

पूर्णिमाको रात । जूनको आभाले आकाश नै छयाङ्ग सफा । एकातिर नीलो गगनमा ताराहरूको बिस्कुन छरिए जस्तो लाग्छ भने अर्कातिर तारा जूनसँग खेलिरहेका छन् जस्तो लाग्छ । अहा १ कस्तो लोभलाग्दो दृश्य जसको अनुरागमा प्रेम-प्रणयको उद्दीप्त छायाँ गाँसिएर पोखिएको छ धरतीमा । तर आज रजनी यी सबै-सबैबाट त्यसै-त्यसै बिरक्तिएकी छे ।

जून ताराको खेलले पनि रमाउन सकेकी छैन । उसको उमङ्ग खोसिएको छ । ऊ कुनै निर्णयमा पुग्न सकिरहेकी छैन । आज जीवनप्रतिको मोहभ· भएको छ । तिक्तताको घुड्कामा ३-४ कप चिया पिउँदै, भित्रभित्रै बिथोलिँदै अन्योलग्रस्त दोभानमा टक्क अडिएर पटक-पटक अतीतमा हुत्तिँदै झस्कन्छे ऊ ।

जीवनमा दोस्रो पटक फेरि आफ्नो यात्राको निर्णायक मोडमा आएर रजनी अत्तालिएकी छे । रातको दस बजिसक्यो । ऊ सोचेर नै समय बिताउँछे । अतीत र वर्तमानको बिन्दुमा पुग्दा नपुग्दै पटक पटक टुक्रैटुक्रामा छरिरहन्छे आफूलाई । जूनको टकमा तेर्सिएको आफ्नो छायालाई समेत कुरूप देख्छे यतिबेला ऊ । अनि आफैँसित भयभीत हुन्छे ।

कौसीमा राखिएको कुर्सीमा अडेस लागेर मूर्ति जस्तै मौन भएर बसेकी छे रजनी । उसको अगाडि एउटा टेबल छ । त्यहाँ थर्मस, गिलास, चम्चा, चिनी भएको बट्टा, पानीको जग आदि यताउता छरिएका छन् ।

आज ऊ खुसी छैन । उसमा एक्लिनुको पीडा छ । उसमा आज रातभरमा गर्नुपर्ने जीवनको निर्णयको प्रश्नैप्रश्नको पीडा छ । उसको सम्पूर्ण शरीर निस्सासिएर शिथिल भएको छ । एकोहोरो टोलाइरहेकी छे ऊ । जुनेली रातको सौन्दर्यमा पनि चारैतिरबाट अन्धकारमय देख्छे रजनी ।

थर्मसबाट गिलासमा ३-४ पटक चिया खन्याउँदै पिउँछे र थर्मसको चिया सकिए पनि जगमा भएको पानी गिलासबाट खन्याउँदै पानीको घुट्को पिउँदै गम्भीर सोचमा डुब्छे । आफू अगाडिको पानी भएको जग पनि रित्तिन्छ । उसको तिर्खा भने घटेको छैन । तड्पाइको प्यासले उसलाई सताएको छ । घरीघरी लामो सास तानेर आफैभित्र गुम्स्याउँछे अनि बिस्तारै फ्याँक्छे ।

सम्झन मन नलागे पनि आज निकै समयपछि रोहनसँगको प्रेम आलो बनी स्मृतिमा आएको छ र त्यसैमा डबडबाउँदै घन्टौंसम्म बगिरही रजनी ।

रोहन र रजनी सँगसँगै पढ्ने सहपाठी थिए । उनीहरूको पारिवारिक स्थितिमा आकाश जमिनको फरक थियो । रजनी सम्पन्न परिवारकी एक्ली छोरी, रोहन दुःख सुख गरेर जीवन गुजारा गर्ने परिवारको छोरो । सात वर्ष अगाडि रजनी रोहनसँगको प्रेममा आसक्त भई अनि त एक दिन आमाबुबा समेत त्यागेर आफूखुसी विवाह गरेर अन्तै भागी ।

त्यसबेला आफूखुसी विवाह गरेर भाग्न रजनीले नै कर गरेकी थिई रोहनलाई । उसले भाग्न बाध्य पार्न रोहनलाई यसो भनेकी थिई "रोहन १ यदि तिमी मसँग साँच्चिकै प्रेम गर्छौ भने हामी भागौँ । होइन भने म मर्छु । तिमी बेगर म बाँच्न सक्दिनँ अब । तिम्रा लागि म सबैलाई त्याग्न सक्छु ।"

रजनी एस.एल.सी. परीक्षा नै नसकिई भाग्न चाहन्थीँ, तर रोहनले रजनीलाई फकाउँदै भन्थ्यो, "रजनी १ अहिले हामी कहाँ भाग्ने, एस.एल.सी. त सकियोस् ।"

नभन्दै एस.एल.सी. परीक्षा सकिएको केही दिनमै रजनी र रोहनले घरबाट भागेर मन्दिरमा गई विवाह गरे । अनि कसैले नदेख्ने ठाउँमा जाने अठोट गरेर निकै टाढा जाँदा जाँदै एउटा सानो गाउँमा पुगे । त्यहाँ बस्न उनीहरूलाई उपयुक्त लाग्यो र त्यही बस्न थाले ।

आफ्ना जति सबैलाई त्यागेर रोहनसँग जीवन बिताउने निर्णय लिँदा आजको जस्तो जटिल परिस्थिति पनि आउला भनेर रजनीले अलिकति पनि सोचेकी थिइन । अर्थात् त्यसबेला रजनीले जीवन बुझ्न सकेकी थिइन ।

क्रमश:

# सिरियामाथि अमेरिकी प्रभुत्ववादको हमला



विष्णु भट्टराई

सन् २०११ को मार्चबाट सुरु भएको सत्तारुढ 'बाथ सरकार' विरोधी प्रदर्शन एक महिनापछि पूरै देशभर फैलियो । सिरियाको आन्दोलन सन् २०११ मा चलेको 'अरब क्रान्ति' को एक हिस्सा थियो । सोही समयमा भएको आन्दोलनले इजिप्ट, ट्युनिसिय, यमन लगायत अन्य कतिपय देशमा सत्ता परिवर्तन भए पनि सिरियामा विद्रोहीहरू सत्ता पल्टाउन सफल भएनन् । विद्रोहीले सन् १९७१ देखि सत्तामा रहेको ' बाथ पार्टी' को शासनको अन्त्यको माग गरेका थिए ।

वर्तमान राष्ट्रपति बसर अल असदका बाबु हाफिज अल असदले सिरियामा सन् २००० सम्म राष्ट्रपतिको पद सम्हालेका थिए । त्यसपछि बसर अल असद निरन्तर सिरियाको राष्ट्रपतिमा निर्वाचित हुँदै आएका छन् । सन् २०११ को अप्रिलमा सिरियाली सेनाका कमान्डर इन चिफसमेत रहेका असदले प्रदर्शनकारीमाथि गोली चलाउन आदेश दिएपछि सिरियाको विद्रोह गृहयुद्धमा परिणत भएको हो । यो गृहयुद्धकै क्रममा सिरियामा इस्लामिक स्टेट (आईएस), अल नुसरा फ्रन्ट र तालिवानजस्ता आतंकवादीको घुसपैठ र आतंकसमेत सिरिया नरसंहारको कारण बनेको छ । विद्रोहीलाई अरब लिग, अमेरिका र युरोपेली संघलगायतको साथ रहेको छ भने सिरिया सरकारलाई इरान, रुसलगायतका देशले साथ दिइरहेका छन् । सिरिया संकटकै क्रममा सिरियालाई अरब लिगले समेत हटाएर सिरियाको स्थानमा विद्रोही गठनबन्धलाई ६ मार्च २०१३ देखि सामेल गरेको छ ।

मध्यपूर्व र केही अरब राष्ट्रमा सन् २०११ म सत्ता परिवर्तनका लागि आन्दोलनको लहर नै चल्यो । सबैभन्दा पहिले ट्युनिसियाबाट सुरु भएको यस्तो आन्दोलनको हुरीले सिरिया, लिबिया, इजिप्टलगायतका देशलाई राम्रैसँग प्रभावित बनायो । सोही आन्दोलनका कारण ट्युनिसिया, इजिप्ट र लिबियाका सरकारहरू ढले । एक शैक्षिक बेरोजगारले रोजगारी नपाएका कारण आत्मदाह गरेपछि सुरु भएको आन्दोलनले २३ वर्षदेखि सत्ता चलाउँदै आएका राष्ट्रपति जिन अल अविदिन विन अलीलाई सत्ताच्यूत मात्र गरेन, उनी ज्यान जोगाउन भागेर साउदी अरब पुगे ।

ट्युनिसियाको सफल आन्दोलनको प्रभाव इजिप्टमा देखियो र १८ दिनपछि होस्नी मुबारकको १९७८ देखिको सत्ता ढल्यो । उनीमाथि मानवताविरोधी अपराध, भ्रष्टाचारलगायत मुद्दा लागेका छन् । ट्युनिसिया र इजिप्टमा निरंकुश सत्ता ढलेपछि त्यसको आगो लिबियामा सल्कियो । लिबियामा ४२ वर्षदेखि शासन सञ्चालन गरेका कर्णेल गद्दाफीको शासन ढलाउन भने त्यति सहज भएन । निरन्तर ९ महिनासम्म चलेको आन्दोलनमा अमेरिका, बेलायत र फ्रान्सको हतियार सहयोग पाएका विद्रोहीले ९ महिनापछि गद्दाफीको गृहनगर सिर्तेमा उनको विभत्स हत्या गरेका थिए । सिरियाको बसर अल असदको सरकार अहिले सोही क्रममा सुरु भएको आन्दोलन र त्यसपछि अरब लिग र पश्चिमा शक्तिको आड पाएका विद्रोहीको सामना गरिरहेको छ ।

सन् २०१३ मा गुटामा पहिलोपटक हमला हुँदा नै सैन्य कारबाही हुने आशंका गरिएको थियो । बेलायतले त्यसबेला पनि सिरियामाथि हमलाको प्रस्ताव राखेको थियो । त्यसबेला उसले पनि सिरियामा मानवीय संकट उत्पन्न भएको र सैन्य कारबाहीको अर्को कुनै विकल्प नभएको दाबी गरेको थियो । मानवीय आधारमा कारबाहीको सिद्धान्त सन् १९९० को हो । जब सद्दाम हुसेनले विनाशबाट इराकलाई बचाउनका लागि अपनाएका थिए । पछि यो सिद्धान्त लाइबेरिया, सियरालियोनसहित अन्य देशमा पनि लागू गरियो । सन् १९९९ मा कोसोभो युद्धलाई लिएर विवाद आए पनि राष्ट्रसंघले सैन्य कारबाही कुनै खास खतराविरुद्ध मात्रै गर्न सक्ने बतायो । यसपछि रक्षाको जिम्मेवारीको सिद्धान्तको दायरा घटाएर यस्ता कुनै सैन्य कारबाही सुरक्षा परिषद्को निगरानीमा मात्रै हुने व्यवस्था गरियो । तर, त्यसलाई अमेरिका, बेलायत र फ्रान्सजस्ता राष्ट्रसंघ सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रले पटकपटक लत्याइरहेका छन् । सिरियामा सैन्य हमलालाई लिएर बेलायत आफैंले हमलाका शक्तिको पूरा ख्याल गरिएको र सीमित हमला भएको तथा यसको उद्देश्य रासायनिक हतियार नष्ट गर्नु र भविष्यलाई सुरक्षित बनाउनु भएको दाबी गर्दै आएको छ । तर, यसलाई आक्रमणकारी राष्ट्रले मात्रै सही ठहर गरेका छन् तर बेलायतले सन् २००३ मा इराकमाथि हमला गर्नुअघि पनि यस्तै तर्क गरेको थियो । साइप्रसमा आफ्नो सैन्य बेसको सुरक्षाको हवाला दिँदै बेलायतले हमला गरेको थियो । तर, यसमा बगदादले आणविक हतियार बनाइरहेको भन्ने बेलायती आरोप कहिल्यै पनि पुष्टि हुन सकेन । ठीक यसैगरी सिरियामाथि हमला गर्दा पनि रासायनिक हमला सिरिया सरकारले नै गरेको भन्दै कुनै ठोस प्रमाण र आधार फेला परिसकेको छैन । अमेरिका, बेलायत र फ्रान्सले आफ्ना गुप्तचरमार्फत पत्ता लगाएको दाबी गरेजस्तो कुनै प्रमाण अहिलेसम्म भेटिएका छैनन् ।

अमेरिका रुसको ठीक विपरीत ध्रुव अर्थात् सरकारविरोधी प्रदर्शनकारीको पक्षमा छ । सिरियामा जारी हिंसामा अमेरिकाले बसर अल असदको सरकारलाई जिम्मेवार ठहर गर्दै आएको छ । अमेरिकाले विद्रोहीलाई हतियारसहितका सामग्री उपलब्ध गराउँदै आएको छ । सेप्टेम्बर २०१४ मा अमेरिकाले आईएस र अन्य आतंकवादी संगठनविरुद्ध हवाई हमलासमेत गरेको थियो । सिरियामा ५ हजार विद्रोहीलाई तालिम दिएर हतियारबन्द गरी आईएसविरोधी लडाइँमा पठाउने उसको योजना असफल भइसकेको छ ।





सिरियामा विद्रोह सुरु भएदेखि नै टर्की सरकार राष्ट्रपति बसर अल असदको कडा आलोचक रहँदै आएको छ । टर्कीका राष्ट्रपति रिसेप तैयप एर्दोगानले असदलाई तानशाहको आरोप लगाउँदै आएका छन् । टर्की विपक्षीको एक प्रमुख समर्थक हो । सिरियाबाट पलायन भएका ठूलो संख्यामा शरणार्थी टर्कीमा बसोबास गरिरहेका छन् । सोही कारण सिरियाबाट टर्कीमा प्रवेश गर्ने आईएस लडाकुलाई समेत सहज ट्रान्जिट रुट प्राप्त भइरहेको बताइन्छ । टर्की हुँदै युरोप छिर्न आईएसले टर्कीको मार्गलाई प्रयोग गरिरहेका छन् । टर्कीको बाटो भएर युरोप छिरेका आईएस लडाकुहरूले नै फ्रान्स, बेल्जियमलगायत देशमा आक्रमण गरेको पाइएको थियो । केही महिनाअघि फ्रान्समा भएको आक्रमणमा सिरियाबाट आएका शरणार्थी सामेल भएको पुष्टि भएपछि यसको खुलासा भएको हो । तर, टर्की गत जुलाईमा भएको सैनिक 'कु'को असफल प्रयास र कुर्दलडाकुसँगको संघर्षका कारण घरेलु संकटबाट गुज्रिरहेको छ ।

इरान बसर अल असदको सरकारलाई टिकाइराख्नुपर्ने पक्षमा उभिएको छ । उसले असद सरकार जोगाउनका लागि ठूलो रकम खर्च गर्ने गरेको आरोप लाग्ने गरेको छ । इरानले सिरिया सरकारलाई सैन्य सल्लाहकार, हतियार, पैसा, तेल समेत सहयोग गरिरहेको छ । असद अरब देशमा इरानको सबैभन्दा नजिकका सहयात्री हुन् । इरानमाथि लेबनानी इस्लामी आन्दोलन, हिजबुल्लाहसम्म हतियार पुऱ्याउने सिरिया मुख्य बाटोका रूपमा प्रयोग हुने गरेका कारण पनि सिरियालाई सहयोग गरेको बताइन्छ । हिज्बुल्लाले सिरिया सरकारलाई सहयोग गर्नका लागि आफ्ना लडाकु पठाउने निर्णयमा पनि इरानको प्रभाव रहेको अनुमान गरिएको छ । इरानले सिरियाको संकटको शान्तिपूर्ण समाधानका लागि निष्पक्ष र बहुदलीय चुनावको प्रस्ताव समेत गरेको थियो । तर, यसलाई स्वीकार गरिएन ।

आजको आधुनिक र प्रविधि सम्पन्न समयसँगै विश्वमा नयाँ नयाँ प्रकारका समस्याहरूको पनि जन्म भइरहेको छ । प्रविधिले संसारमा गरेको विकासले निम्त्याएको विनास पनि सहिनक्नु छ । अत्याधुनिक हतियारको निर्माणसँगै पहिलो र दोस्रो विश्वयुद्धमा ठूलो भौतिक तथा मानवीय क्षति हुन पुग्यो । पर्ल हार्वरमा जापानले गरेको हमला, हिरोसिमा र नागासाकीमा अमेरिकाले खसाएका परमाणु बम आदिका कारण दोस्रो विश्वयुद्धमा ठूलो विबना निम्त्यायो । हिरोसिमा र नागासाकीमा एटम बम प्रहार गरेपछि अन्बर्ट आइन्सटाइनले भनेका थिए, 'आधुनिक विज्ञानले मानव सभ्यतासँग बेइमानी गरेको छ । आजको दिन इतिहासको कालो दिन मानिनेछ ।' प्रविधिको विकासले मानव सभ्यतालाई उजागर गर्न ठूलो सहयोग गरेको छ । दशकअघिको इराक र अफगानिस्तान, दुई दशकअघिको इरान-इराक, करिब ७० वर्षअघिका जापान, अमेरिका, बेलायत, रुस, जर्मनी, फ्रान्सको कथा पनि झन्डै यस्तै थियो । सन् १९४५ मा जापानको हिरोसिमा र नागासाकीको कथा कम दर्दनाक थिएन । आज सिरिया, यमनलगायत मध्यपूर्वको अवस्था कम दर्दनाक छैन । सिरियामा अहिले एकतर्फी युद्धमात्रै छैन । विद्रोहीको आडमा आईएस, अल नुसरा फ्रन्ट, तालिवानलगायत इस्लामिक चरमपन्थी संगठनहरू पनि त्यो नरसंहारमा सामेल छन् । अमेरिकी र रसियाली दुवैको हस्तक्षेपपूर्ण भूमिका रहेको सिरियामा शान्ति बहाली निकै कठिन बन्दै गएको छ । युद्धका कारण सिरियाली युवा पुस्ताको एउटा हिस्सा समाप्तिको दिशामा अघि बढिरहेको छ भने बालबालिका, महिला, वृद्धवृद्धा समेत निसानामा मात्रै परेका छैनन्,



उनीहरूको आधारभूत मानवअधिकारको समेत हनन भइरहेको छ । अध्ययन, अध्यापन र रचनात्मक क्रियाकलापमा लाग्नु त धेरै परको कुरा हो ।

सिरियामाथि पछिल्लो समयमा भएको आक्रमणले पुनः एकपटक सिरियाको संकट समाधानको राजनीतिक प्रयासलाई पर धकेल्दै सैन्य हस्तक्षेपलाई बढावा दिएको छ । आफ्नो देशमाथिको हस्तक्षेपसँगै सिरियाली राष्ट्र पनि बसर अल असदले सन् २००१ मा फ्रान्सबाट पाएको 'लेजेन अफ अनर' अवार्ड फिर्ता गरेका छन् । फ्रान्सकै प्रतिष्ठितमध्ये एक मानिने यो अवार्ड उनले सन् २००१ मा तत्कालीन फ्रान्सका राष्ट्रपति ज्याक सिराकबाट ग्रहण गरेका थिए । यसबाट फ्रान्सले सिरियामाथि गरेको हमला सिरियाको सम्प्रभुतामाथिको हमलाको रूपमा उसले लिएको स्पष्ट हुन्छ । सिरियाली जनता सन् २०११ देखि विद्रोहीलाई पश्चिमा राष्ट्रले दिएको हतियारबाट सुरु भएको युद्धको आगोमा पिल्सिरहेका छन् । त्यतिमात्रै नभएर सिरियामाथि पश्चिमा राष्ट्रले जुन बहानामा हमला गरेका छन्, त्यसको स्पष्ट जवाफ उनीहरूसँग नै छैन । पश्चिमा राष्ट्रले अहिले पनि यस्ता घातक हतियारको विकास, प्रयोग र बिक्री गरी नै रहेका छन् ।

सिरिया युद्धलाई लिएर दुई कित्तामा विभाजित भएका अमेरिका र रुस एक अर्काविरुद्ध आक्रामक रूपमा प्रस्तुत हुन थालेका छन् । सिरियाको पूर्वी गुटामा रहेको डुमामा भएको भनिएको संदिग्ध रासायनिक हमलापछि यसै विषयलाई लिएर रुस र अमेरिका पुनः आमनेसामने भएका छन् । अमेरिका, बेलायत र फ्रान्सले सिरियामा क्षेप्यास्त्र हमला गरेपछि त्यसले स्थितिलाई अझै गम्भीर बनाएको छ । सिरियाको पूर्वी गुटा राजधानी दमास्कस नजिकै विद्रोहीको नियन्त्रणमा रहेको अन्तिम स्थान हो । जहाँ सरकारी सेनाले रुसी सहयोगमा विद्रोहीविरुद्ध गत फेब्रुअरीदेखि निर्णायक कारबाही जारी राखेको छ भने सो स्थानबाट कतिपय विद्रोहीहरू पलायन भइसकेका छन् । विद्रोहीविरुद्धको कारबाही अन्तिम चरणमा पुगेका समाचारहरू बाहिर आइरहँदा त्यहाँ रासायनिक हमला भएको भन्दै अमेरिका, बेलायत र फ्रान्सले सिरियामाथि हमला गरे । यसले अन्तर्राष्ट्रिय जगतलाई दुई कित्तामा विभाजित गरिदिएको छ । कतिपयले सिरियामा पश्चिमा राष्ट्रले गरेको आक्रमणलाई जायज मानेका छन् भने कतिपयले यो आक्रमण सार्वभौम देशमाथिको हमलाको रूपमा उल्लेख गरेका छन् । उल्लेखनीय कुरा त के छ भने गुटामा निर्णायक कारबाहीको सामना गरिरहेका विद्रोहीलाई अमेरिकासहितका पश्चिमा राष्ट्रको साथ रहँदै आएको छ । सन् २०११ मा बसर अल असदविरुद्ध सुरु भएको आन्दोलनकारीलाई उनीहरूले बन्दुक दिएपछि सिरियामा गृहयुद्ध सुरु भएको हो ।

सन् १९८१ मा इजरायलले इराकको ओसिराक न्युक्लियर रिएक्टरमाथि हमला गरेको थियो । जसको राष्ट्रसंघसहित अन्तर्राष्ट्रिय समुदायबाट समेत आलोचना भएको थियो । इजरायलले भने आक्रमणबाट ध्वस्त बनाइएको सो स्थानबाट भविष्यका लागि आमजनतालाई खतरा साबित हुने हतियार निर्माण हुने दलिल पेस गरेको थियो । यसका अलावा एक कथित रासायनिक हमलाको बदलामा सन् १९८८ मा अमेरिकाले सुडानमाथि हमला गरेको थियो । जुन हमलाको पनि अन्तर्राष्ट्रिय समुदायबाट विरोध भएको थियो । यो हमलाबाट पनि अमेरिका, बेलायत र फ्रान्सले सिरियालाई रासायनिक हमलाबाट सन् २०१३ मा रासायनिक हतियार सम्मेलनले तय गरेको दायित्व नभुल्न सम्झाएको पनि बताइरहेका छन् । *(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### ११७ वर्षीय महिलाको निधन



विश्वभरिका जीवित मानिसमध्ये सबैभन्दा ज्येष्ठ सदस्य जापानी नागरिकको ११७ वर्षको उमेरमा शनिबार निधन भएको छ । जापानी महिला नाबी ताजिमाको ११७ वर्षको उमेरमा शनिबार बेलुका निधन भएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् । उनको जन्म ४ अगस्ट १९०० मा भएको थियो । किकाइ द्वीपको कागोसिमा क्षेत्रमा पर्ने अस्पतालमा उनको निधन भएको सरकारी स्वास्थ्य अधिकारीले जानकारी दिएका हुन् । सन् २०१५ को सेप्टेम्बरमा ताजिमा जापानको सबैभन्दा ज्येष्ठ नागरिक बनेकी थिइन् ।

'गिनिस बुक अफ वर्ल्ड रेकर्ड'का अनुसार यसअघि विश्वको ज्येष्ठ नागरिक जमाइकाका भोइलेन्ट ब्राउनको सन् २०१७ को सेप्टेम्बरमा निधन भएपछि विश्वको सबैभन्दा ज्येष्ठ नागरिकको खोजी भएको र ताजिमा विश्वको सबैभन्दा ज्येष्ठ नागरिक रहेको पुष्टि भएको थियो । ताजिमाको निधनपछि विश्वकै अर्का ज्येष्ठ सदस्य पनि जापान कै नागरिक रहेका छन् ।झन्डै ११२ वर्षका मसाजो नोनाका अहिले जीवित नागरिकमध्ये सबैभन्दा ज्येष्ठ नागरिक हुन् ।झन्डै ६८ हजार जापानी नागरिक सय वर्षभन्दा बढी उमेरका रहेको सरकारी स्रोतले गत वर्ष नै जानकारी दिएको थियो ।

### चिच्याएर पाहुनाको स्वागत

पाहुनलाई स्वागत गर्ने तरिका पनि कस्तो ? न्युजिल्याण्डको माओरी समुदायमा पाहुनालाई स्वागत गर्ने संस्कारले तपाइँलाई साँच्चीकै आश्चर्यमा पार्नेछ ।

उनीहरुको स्वागत गर्ने शैली नबुझ्नेकाहरु त सायद पहिलो चोटी त्यहाँ जाँदा डराएर भाग्न बेर छैन । किनकि माओरी समुदायका मानिसहरु पाहुनाको स्वागत गर्दा जोड जोडसँग चिच्याउँछन् । यो परम्परालाई हाका भनिन्छ । सदियौँदेखि यो परम्परा चलिआएको छ । पहिले उक्त समुदायले युद्धको बेला सत्रुलाई तर्साउनका लागि जोडसँग चिच्याएर धाबा बोल्ने प्रचलन थियो । सोही चलन आजकल परिमार्जित हुँदै हाका बनेको छ । यसमा मानिसहरुले आफ्नो खुट्टा जोडसँग भुइँमा बजार्छन् । अनुहारमा गम्भीर भाव देखाउँछन् र जोडसँग चिच्याउँछन् ।

ठूलाबडा मानिसको स्वागतमा पनि यहीँ परम्परा निभाउँछन् उनीहरु । यतिमात्र होइन, स्कुलमा समेत बालबालिकाहरुलाई यस्तो परम्परा सिकाइन्छ ।

### झण्डै डेढ करोडमा बिक्यो टाइटानिकको पहिलो मेन्यू

सन् १९१२ मा आन्ध्र महासागरमा दुर्घटना भई सयौँ मानिसको ज्यान लिएको टाइटानिक जहाज जब अप्रिल २ मा पहिलो पटक परीक्षण यात्रामा निस्किएको थियो, त्यतिबेला जहाजमा यात्रुहरुका लागि उपलब्ध खानेकुराको मेन्यु कस्तो थियो होला ?

टाइटानिक जहाजमा पहिलोपटक यात्रुहरुलाई सर्भ गरिएको खानेकुराको मेन्यु हालै लिलामी भएको छ । पहिलो भोजनको उक्त मेन्यूको कागज झण्डै डेढ करोड रुपैयाँमा लिलामी भएको हो ।

उक्त मेन्यू चालक दलका एक सदसयसँग थियो जसले पहिलो यात्राअघि आफ्नी पत्नीलाई दिएका थिए । सन् १९१२ को अप्रिल २ मा जहाजको ट्रायलको पहिलो दिन यात्रुहरुलाई पस्किने भोजनको सूचि त्यसमा राखिएको थियो । मेन्यू सूचिमा २ अप्रिल १९१२ को मिति रहेको छ । जसमा फ्राइड चिकेन, फ्राइज्ड हेम लगायतका परिकार समावेश गरिएको छ । यसअघि सन् २०१५ को सेप्टेम्बर ३० मा टाइटानिक जहाजमा सर्भ गरिएको अन्तिम लन्च मेन्यूलाई लायन हार्ट अटोग्राफ्स नामक संस्थाले लिलामी गरेको थियो । उक्त लिलामीमा ५० देखि ७० हजार डलरसम्म बोली लाग्ने अनुमान उसको थियो । फर्स्ट क्लास यात्रुका लागि तयार उक्त मेन्यूमा चिकेन आला मेरिल्याण्ड तथा आइस्ड ड्रट म्युनिख लेगर बियर लगायतका चिज राखिएको थियो । जहाज डुब्नु एकदिन अघि अर्थात् १४ अप्रिल १९१२ को मितिको मेन्यू थियो त्यो । त्यसमा इसाक जेराल्ड फ्राउन्थाल नामका यात्रुको दस्तखत पनि थियो ।

### विश्वकै दोस्रो ठूलो रुख



बिरामी मान्छेलाई सलाइनबाट औषधि दिनु त स्वभाविकै हो । तर के तपाइँले बिरामी रुखलाई सलाइनबाट औषधि दिएको सुन्नुभएको छ ?

दुनियाँमा सायद रुखलाई सलाइनबाट औषधि दिएर उपचार गर्ने भन्ने अहिलेसम्म सुनिएको थिएन । तर भारतको तेलंगानामा चाहिँ कहीँ नभएको जात्रा हाँडीगाउँमा भनेजस्तै भएको छ ।

तेलंगानामा रहेको ७ सय वर्ष पुरानो बरको रुखलाई सलाइनमार्फत विशेष किटनाशक औषधि दिइएको छ । रुखमा सुइ घोचेर नभै बोतलमा सलाइन पानीसँगै किटनाशक औषधि राखेर रुखका हाँगाहरुमा यत्रतत्र किटनाशक र पानीका थोपा खसाइएको छ ।

यो रुख निकै विशाल छ र तीन एक्कड क्षेत्रफलमा फैलिएको छ । स्मरणरहोस्, यो रुख दुनियाँको दोस्रो सबैभन्दा ठूलो रुख हो ।

बुढ्यौली लागेसँगै यो रुखमा धमिराको आक्रमण निकै बढिरहेको छ । धमिराका कारण रुखका हाँगाबिँगा नै मक्किएर सुक्ने जोखिम बढेसँगै धमिरालगायतका कीटनाशक औषधि रुखका हाँगाबिँगामा सलाइनसँगै दिइएको हो ।

साथै संक्रमण नफैलियोस् भनेर जरालाई पनि पाइपले बाँधिएको छ । रुख हराभरा होस् भन्नका लागि पानी तथा मलखादको व्यवस्था गर्ने योजना पनि सरकारी अधिकारीको छ । साथै रुख नढलोस् भन्नका लागि सिमेन्टका पिलर बनाएर टेको लगाइनेछ ।

पछिल्लो समयमा रुखका हाँगा मक्किएर भाँच्चिन थालेका थिए । त्यसका कारण आगन्तुकहरुलाई पनि रुखको नजिक जानबाट रोक्नुपरेको थियो ।

### अनुहार बदल्ने व्यक्ति

कुनै मानिसले ३ पटक आफ्नो अनुहार बदल्छ भन्ने सुन्दा पत्यार नलाग्न सक्दछ । तर फ्रान्सका एकजना व्यक्तिको हकमा चाहिँ यो साँचो हो । जेरोम हेमनको पहिचान नै तीन अनुहार भएका व्यक्तिको नाममा स्थापित भैसकेको छ । यसकारण कि उनी विश्वका यस्ता व्यक्ति हुन् जसले आफ्नो अनुहार दुईपटक प्रत्यारोपण गरिसकेका छन् । जसका कारण उनको अनुहार अहिलेसम्म तीन पटक बदलिसकेको छ।

हालै उनको दोश्रो पटक पूर्ण रुपमा अनुहारको प्रत्यारोपण सर्जरी भयो । तीन महिनासम्म उनी पेरिस अस्पतालमा बसे । उनले आफ्नो नयाँ पहिचान स्वीकार गरिसकेका छन् । यद्यपि, उनको अनुहारको छाला तथा अन्य हिस्सालाई एकरुपता दिन भने बाँकी छ ।

डाक्टरहरुका अनुसार जेरोम न्युरोफाइब्रोमेटोसिस टाइप वान नामक रोगबाट ग्रसित छन् । यसका कारण ट्युमर हुन्छ । जेरोमको पहिलो प्रत्यारोपण सन् २०१० भएको थियो । प्रत्यारोपण सफल भएपनि पछि ज्वरो आउँदा उनलाई दिइएको एन्टिबायोटिकका कारण नकारात्मक असर पर्यो । सन् २०१६ बाट उनको अनुहार बिग्रिन थाल्यो । उनी निकै भयानक अवस्थामा पुगे । अनुहार डरलाग्दो भयो । परेला र कानको छाला नै झर्यो । बोल्न र खान सकेनन्। जसका कारण यहीँ वर्ष उनको पुनः सर्जरी गर्नुपरेको हो ।

### राजाले बदले देशको नाम

दुनियाँमा यस्ता शासक कमै हुन्छन् जसले आफ्नो देशको नाम नै बदल्छन् । अझ अहिलेको एक्काइसौँ शताब्दीमा आएर देशको नाम नै परिवर्तन गर्नु भनेको निकै अनौठो कुरा हो । अफ्रिकाको एउटा देशका राजाले बुधबार आफ्नो देशको नाम बदलेका छन् ।

अफ्रिकाको अन्तिम राजतन्त्र मुलुक स्वाजिल्याण्डका राजा मस्वातीले देशको नाम परिवर्तन गरेका हुन् । मस्वाती तृतीयले बुधबार स्वाजिल्याण्ड देशको नाम बदलेर दी किंगडम अफ इस्वातिनी नामाकरण गरेको घोषणा गरेका छन् । देशको स्वतन्त्रताको ५० वर्ष पुगेको उपलक्ष्यमा आयोजित समारोहमा राजाले यस्तो घोषणा गरेका हुन् ।

### नयाँ नामको अर्थ

इस्वातिनीको अर्थ हो स्वाजीहरुको भूमि । यद्यपि, यो परिवर्तन अप्रत्यासित थियो । तथापि राजा मस्वाती स्वयंले भने वर्षौंदेखि आफ्नो देश स्वाजिल्याण्डलाई इस्वातिनी भन्दै आएका थिए ।

सन् २०१७ मा संयुक्त राष्ट्रसंघमा सम्बोधन गर्ने क्रममा तथा सन् २०१४ मा देशको संसदको उद्घाटन गर्ने क्रममा पनि उनले यो नामको प्रयोग गरेका थिए । तर देशको नाम बदलिएको बाट सबै जनता खुसी छैनन् । राजालाई यस्ता अनावश्यक कुरामा ध्यान दिन छाडेर देशको अर्थव्यवस्था सुधार्नेतर्फ ध्यान दिन जनताहरुले सुझाव दिएका छन् । स्मरण रहोस् यी राजाका १५ वटी पत्नी छन् । यिनका बुवा राजा सोभूजा द्वितीयले देशमा ८२ वर्ष शासन गरेका थिए र उनका १२५ वटी पत्नी थिए । यो देशमा राजालाई सिंह भन्ने चलन छ र राजाहरु धेरै भन्दा धेरै महिलाहरुसँग बिहे गर्न र पारम्परिक पहिरन लगाउनमा चर्चित छन् ।

### ९६ वर्षे हजुरआमाको स्कुल जाने धोको



भनिन्छ, पढ्ने इच्छा भए उमेरले छेक्दैन । यो उक्तिलाई वास्तविकतामा उतारेकी छन्, एक सय बसन्तको संघारमा पुगेकी एक हजुरआमाले । उनी हुन् मेक्सिकोकी गुडालुप पालासिस । पालासिस ९६ वर्ष पुगिन् । उनी अहिले हाईस्कुल पढ्दैछिन् । उनी कक्षाको सबैभन्दा उत्साहित विद्यार्थी हुन् । एक सय वर्षमा हाईस्कूल पास गर्ने उनको सपना छ ।

कालो रंगको स्कर्ट, सेतो सर्ट र गुलाबी रंगको स्विटर लगाएर सोमबार विद्यालय पुगेकी उनले भनिन्, 'म यसका लागि सबै कुरा दिन तयार छु । आजको दिन उदभुत छ ।' उनलाई सहपाठीहरुले विद्यालयमा स्वागत गरेका थिए । उनले रसायन शास्त्र र गणितको नोट लिइन् र नृत्य क्लास पनि ।

पालासिस एक गाउँको गरीब परिवारमा हुर्किइन् । सानोमा विद्यालय जानु सट्टा उनले खेतबारीमा काम गरेर अभिभावकलाई सघाइन् । ठूलो भएपछि उनी कुखुरा बेच्न बजार जान थालिन् । उनको बिहे दुईपटक भयो र ६ बच्चाकी आमा भइन् ।

उनले पढ्न र लेख्न सिकिनन् । जब ९२ वर्ष पुगिन् उनले साक्षरताको कक्षा लिने निर्णयमा पुगिन् । उनले हाँस्दै भनिन्, 'अहिले त म आफ्नो ब्वाय फ्रेण्डलाई चिठ्ठी लेख्न सक्छु ।' सन् २०१५ मा उनी पौढ कक्षामा भर्ना भएर प्राथमिक शिक्षा लिन थालिन् । चार वर्षभन्दा कम समयको बीचमै उनले प्राथमिक र माध्यमिक दुवै कक्षा पास गरिन् । तर हाईस्कुलका लागि वयस्क शिक्षा कार्यक्रम थिएन ।

*अनलाइन खबरबाट*

# संस्थाद्वारा सञ्चालित विविध कार्यक्रमहरु














## प्रजनन स्वास्थ्यको बारेमा एघारौ चरणको तालिम सम्पन्न

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा भइरहेको छ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । यसैगरी ग्राम शिक्षा मन्दिर उच्च माद्यामिक विद्यालयका २४ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरुका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो । उक्त तालिम सञ्चालनका लागि लाग्ने खर्चको ५० प्रतिशत लागत रकम सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । सुरेन्द्र ढकाल प्रतिष्ठानको आर्थिक सहयोग तथा बाल विकास समाजको आयोजनामा जीवनोपयोगी सीप तालिम सञ्चालन गरिएको हो ।

तालिममा तालिममा विद्यार्थीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा विद्यार्थीहरुले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरुद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरुका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरुले बताएका थिए । दौतरीको माध्यमबाट बालबालिकाहरुलाई चेतनशिल बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ ।

बाल विकास समाजको आन्तरिक स्रोतबाट सञ्चालित यो कार्यक्रमलाई यो वर्ष सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । संस्थाका स्वास्थ्य इन्चार्जको सहजीकरणमा सञ्चालित तालिम अहिले दशौँ हप्ता सम्पन्न भएको छ । तालिममा सहभागीहलाई प्रजनन स्वास्थ्यको बारेमा छलफल गराइएको थियो । महिनावारी भएको अवस्थामा ख्याल गर्नुपर्ने कुरा र प्रजनन स्वास्थ्यले हाम्रो दैनिकीमा कस्तो प्रभाव पार्छ भन्ने कुराको बारेमा विस्तृत रुपमा छलफल गराइएको थियो । यस छलफलबाट उनीहरुलाई विद्यालय अध्ययनमा पनि सहयोग पुग्ने देखिन्छ ।

## घटना व्यवस्थापनका बारेमा छलफल कार्यक्रम

बाल विकास समाजले भक्तपुर जिल्लामा रहेका जोखिममा परेका बालबालिकाहरुको संरक्षणका लागि विभिन्न किसिमको सहयोग उपलब्ध गराउदै आएको छ । संस्थाले जोखिममा परेका बालबालिकाहरुको जाखिमता पहिचान गरी उनीहरुलाई आवश्यक सहयोग उपलब्ध गराउदै आइरहेको छ। यस क्रममा परियोजना समापन पछि उनीहरुको अवस्थालाई सुधारन्मुख तवरबाट अगाडी बढाउन सरोकारवाला पक्षहरुको भूमिका के हुने भन्ने सम्बन्धमा छलफलको आयोजना गरिएको थियो । भक्तपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीको प्रमुख व्यक्तित्वमा सम्पन्न भएको छलफलमा महिला तथा बालबालिका



कार्यालय, युनीसेफ नेपालका प्रतिनिधि, प्रहरीको महिला सेल, वडा तथा नगरस्तरीय बाल संरक्षण समितिहरुको सहभागिता रहको थियो । कार्यक्रममा संस्थाका कार्यक्रम व्यस्थापक पुर्णिमा सिंह क्षेत्रीले समग्र बालबालिकाको अवस्थाको बारेमा प्रस्तुत गर्नु भएको थियो । यसैगरी संस्थाले जोखिममा परेका बालबालिकाहरुलाई सहयोग गरेकोमा बाल विकास समाजलाई धन्यवाद दिदै आगामी दिनमा पनि यस किसिमको सहयोग गर्न आवश्यक रहेको कुरा सहायक प्रमुख जिल्ला अधिकारीले बताउनु भएको थियो । बालबालिकाहरुलाई विभिन्न जोखिमबाट जोगाउनका लागि सबै पक्षको महत्वपूर्ण भूमिका हुने हुनाले सोही अनुसार सबैले जिम्मेवारी वहन गर्नुपर्ने कुरा पनि उहाँले बताउनु भएको थियो । बालबालिकाहरुलाई संरक्षण गर्ने दायित्व सरकारको भए तापनि त्यसको व्यवस्थापन नहुँदा प्रभावकारीतामा केही समस्या भएको कुरा उल्लेख गर्दै स्थानीयदेखि केन्द्रीयसम्मका राज्यका सबै समयन्त्रले ठोस जिम्मेवारी पूरा गरेको अवस्थामा उनीहरुको समस्या निराकरणमा सहयोग पुग्ने विश्वास समेत व्यक्त गर्नु भएको थियो ।

**प्रस्तुति : गोविन्द वि क**

## किन हराउँछन्...

स्तम्भ, सहायक ६८ र साना १ सय ३५ गरी कुल २४५ सीमा स्तम्भ रहेका छन् । धेरैजसो सीमा स्तम्भ जीर्ण, भत्किएका र रंग रोगन गर्नुपर्ने अवस्थाका रहेका छन् । कतिपय सीमा स्तम्भ खोलाले बगाएर हराएका छन् भने मानवीय कारणले सीमा हेरफेर गर्न पनि स्तम्भ हराउने गरेका छन् । पहिलो चरणमा दाङ, कैलाली र दोस्रो चरणमा बाँके, बर्दियाका सीमा स्तम्भको जीर्णोद्धार मर्मत र समस्या समाधान गर्ने काम भइरहेको छ । विवादित क्षेत्रमा नेपाल भारतका अधिकारीबीच समन्वय गरी समस्या समाधान गरिनेछ । सीमा सुरक्षाका लागि नेपाल भारत दुवैतर्फबाट संयुक्त गस्ती हुने गरेको छ । भारतले सीमा सुरक्षालाई बढी ध्यान दिने गरे तापनि नेपालको तर्फबाट सीमा सुरक्षामा लापर्बाही हुने गरेको स्थानीयको गुनासो रहेको छ ।

## अर्थतन्त्रको आकार र ...

बैंकले ४ दशमलब ६ प्रतिशतमा आर्थिक वृद्धिदर सीमित हुने प्रक्षेपण यसअघि सार्वजनिक गरिसकेका छन् । यसवर्ष कृषिको वृद्धिदर २ दशमलब ८२ प्रतिशत र गैरकृषिको वृद्धिदर ७ दशमलब १ प्रतिशतले बढेको छ । अ ब अर्थतन्त्रको आकार बढेर ३० खर्ब ७ अर्ब ६० करोड रुपैयाँ पुगेको छ ।

तथ्यांक विभागका अनुसार नेपालीको प्रतिव्यक्ति आयमा वृद्धि भएको छ । गत वर्ष १०५ डलरले बढेर ८६२ अमेरिकी डलर पुगेको प्रतिव्यक्ति आय यो वर्ष १ हजार ४ अमेरिकी डलर पुगेको छ । नेपालीको प्रतिव्यक्ति आय वृद्धि भई पहिलो चोटि चार अंकमा पुगेको हो । विनिमय दर अनुसार यो १ लाख ६ हजार ४ सय २४ रुपैयाँ हो ।

## नेपाल-चीन सम्बन्ध ...

भइरहेको छ र नेतृत्व परिवर्तनको आवाज उठिरहेको छ । पार्टी एकता गर्ने गरी चुनावी तालमेलमा होमिएका एमाले र माओवादी केन्द्रले गएका निर्वाचनमा अप्रत्यासित सफलता पाए । केपी ओली वेटिङ प्राइमिनिस्टर भएपछि भारतले फेरि उनीसँगको धमिलिएको सम्बन्ध सङ्लो बनाउने प्रयास सुरु गऱ्यो । भारतीय जनता पार्टीका महासचिव ओलीलाई भेट्न काठमाडौं आए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विदेशमन्त्री सुष्मा स्वराजलाई ओलीलाई बधाई दिन नेपाल पठाए । कुटनीतिक मर्यादाको पालना समेत नगरी स्वराजले ओलीसँग भेटघाट गरेर फर्किइन् । यसअगावै मोदीले फोन गरेर ओलीलाई बधाई मात्र दिएनन्, भारत भ्रमणको निम्तो समेत दिइसकेका थिए ।

हनिमुन पिरियड पनि नसकी प्रम ओली तीन दिवसीय दिल्लीको राजकीय भ्रमणमा गए । ओली जतिबेला भारतको भ्रमणमा थिए, त्यही बेला ८ देखि ११ अप्रिलसम्म चचीनको हाइनानमा यस वर्षको बोआओ मञ्च हुँदै थियो । ९ अप्रिलमा चिनियाँ राष्ट्रपति सि जिन पिङले सम्बोधन गर्ने कार्यक्रम थियो । बोआओ मञ्चमा नेपालले सुरुदेखि नै सहभागिता जनाउँदै आएको थियो । ओली भारतको पहिलो विदेश भ्रमण तोड्न बोआओ सम्मेलनमा जाने मानसिकतामा थिए । चीनको औपचारिक भ्रमण पनि नहुने, प्रधानमन्त्री भएपछि पहिले भारत जानु पनि नपर्ने यो ओली अवसरलाई साउथ ब्लकले चिप्लाइदियो । दिल्लीले बोआओ सम्मेलन अगावै ओलीको दिल्ली भ्रमणको मिति तय गऱ्यो र बोआओ सम्मेलनमा जान नमिल्ने गरी समय सार्वजनिक गरिदियो । दिल्लीले ओली भ्रमण कार्यतालिका सार्वजनिक गरेपछि मात्र नेपालले थाहा पायो र त्यसलाई मिच्ने हिम्मत गर्न सकेन । बोआओ सम्मेलनमा यसपालि नेपाल सहभागी हुन पाएन । सम्मेलनमा प्रतिनिधित्व गराउन समेत नेपाल नराम्ररी चुक्यो ।

भारतले चीनको केरुङ काठमाडौं रेल सम्पर्कको बदलामा रक्सौल काठमाडौं रेल सेवा विस्तारमा सहयोग गर्ने भएको छ । नेपाललाई कुनै हित नहुने र निकट भविष्यमा सम्भव पनि नदेखिने जलमार्गको सपना पनि नेपाललाई उपहार पठायो । सार्क सम्मेलनबारे नेपालको चासो भारतले सुनेन । १९५० को सन्धि, सीमा अतिक्रमण, भारतीय बाँधहरुले ल्याउने डुबान समस्या, कालापानी र सुस्तामा नेपालको अधिकारबारे भारत न त बोल्यो न त ओलीले नै यी विषयलाई आफ्ना समकक्षीसँग उठाउने साहस गरे । बरु ओलीले भारतसँग कोसी उच्च बाँधमा सम्झौता गरेको राष्ट्रघाती खबर बाहिर आएको छ । सरकारको तर्फबाट अहिलेसम्म यस विषयमा आधिकारिक धारणा नआउनुले सर्वत्र शंका गरिँदैछ । भारतले सन् २०५० सम्म १ अर्ब ६५ करोड जनसंख्यालाई बचाउन ४५ करोड मेट्रिक टन खाद्यान्न उत्पादनका लागि १८ करोड हेक्टर जमिनमा सिंचाइ पुऱ्याउन नदी जोड योजना सुरु गरेको छ । यस योजना अनुसार बराह क्षेत्रमा बाँध बाँधी नेपाललाई डुबाएर विहारलाई बाढीबाट उन्मुक्ति दिलाउने भारतको तयारी छ । भारत चतराबाटै नहर लगेर गोरखापुर नजिक घाघरा (कर्णाली) पुऱ्याउन चाहन्छ । नदी जोड योजना अनुसार कोसीलाई मेची नदीमा मिसाएर पश्चिम बंगालमा सिंचाइका लागि पानी उपलब्ध गराउने लक्ष्य लिएको छ भारतले । बाढी नियन्त्रणका लागि र सिंचाइका लागि विहार र उत्तर प्रदेशमा उच्च बाँध निर्माण गरेर हुँदैन । यसका लागि नेपालको पहाडी खोंच नै आवश्यक पर्छ ।

भारतबाट फर्किएपछि ओलीको चीन भ्रमणको सिलसिला सुरु भइसकेको छ । त्यसकै पूर्व तयारीका लागि हालै मात्र परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली बेइजिङ पुगेर फर्किएका छन् । चीन भ्रमणमा उनले यातायात र ऊर्जा कनेक्टिभिटी पूर्वाधार निर्माण उद्योग र सहकार्यको विषय उठाए । चीनसँगको व्यापारघाटा नेपालमा चिनियाँ लगानी, बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) बारे वार्ता गर्दै नेपाली जनता चिनियाँ रेल पर्खेर बसेको जानकारी दिए । चिनियाँ परराष्ट्र मन्त्री वाङ यीले चीन र नेपाल दीर्घकालीन बहुआयामिक हिमालय पार अन्तरसञ्जाल दृष्टिकोणमा सहमत भएको जानकारी दिएका छन् । बीआरआईभित्र बन्दरगाह रेलमार्ग, सडकमार्ग, हवाईमार्ग, ऊर्जा, विद्युत र सञ्चार सञ्जालको विकास हुनेछ । यसले चीन नेपाल र भारतबीचको आर्थिक करिडोरको निर्माण गर्नेछ । प्रम ओली चीन गएपछि दुई वर्षअघिको पहिलो भ्रमणमा गरेका सम्झौताहरु कार्यान्वयन हुन थाल्नेछन् । नेपालले सन् २००६ मा ल्हासामा आइपुगेको चिनियाँ रेललाई काठमाडौं ल्याउन माग गर्नेछ । तेल र रेल चीनबाट आएपछि नेपालमा भारतीय प्रभुत्व समाप्त हुने डरले मोदी नेपाल आउन लागेका हुन् । ओलीले चीनसँग गर्ने सम्झौताहरु रोक्नु नै मोदी भ्रमणको मुख्य उद्देश्य हो । बुढीगण्डकी परियोजना हात पार्ने, बीआरआई अघि बढ्न नदिने हाइड्रोपावरमा चिनियाँ लगानी रोक्ने, चिनिया ँ कम्पनीका ठेक्कापट्टा खारेज गराउने, चीनले निर्माण गर्ने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भरसक आफैंले लिने, फास्ट ट्र्याकको निर्माण पनि भारतीय कम्पनीलाई दिलाउने मोदी भ्रमणका एजेन्डाहरु बुझ्न सकिन्छ । बेइजिङसँगको काठमाडौं सम्बन्ध अघि बढ्न नदिने रणनीति अनुरुप मोदी नेपाल आउन लागेका हुन् ।

## वाम एकताको...

ओली र प्रचण्डले चाहेर पनि एकता हुन नसकेको प्रस्ट हुन्छ । अर्थात् एमाले माओवादी दुवैभित्र एकता विरोधी शक्ति बलशाली छ भन्ने प्रस्ट हुन्छ ।

पार्टी एकता भए आआफ्ना हैसियतहरु लथालिंग हुने दुवै पाार्टीका दोस्रो तहका नेताहरुलाई चिन्ता छ । पार्टी एकीकरण नभए जनतालाई के जवाफ दिने ओली प्रचण्डलाई त्यत्तिकै अप्ठेरो छ । गत प्रदेश र संघीय संसदको निर्वाचनमा पार्टी एकता गर्ने प्रतिबद्धताका साथ चुनावी तालमेल गरेर जनतामाझ गएका एमाले र माओवादी केन्द्रलाई जनताले प्रदेश, देश चलाउने आदेश दिए । सोही अनुरुप सात प्रदेशमध्ये ६ वटामा वामपन्थीहरुको प्रादेशिक सरकार छ अहिले । यता केन्द्रमा पनि एमाले नेतृत्वमा माओवादी समेतको सरकार बनेको छ । प्रधानमन्त्री ओलीलाई संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीको समेत समर्थन छ । ओली इतिहासमै शक्तिशाली प्रधानमन्त्री बनेका छन् ।

कतिपय भारतीय बुद्धिजीवीले त ओलीलाई राजा महेन्द्रभन्दा शक्तिशाली भनेर महेन्द्रसँग ओलीको तुलना गरेका छन् । ओलीलाई कमजोर बनाउन बाह्य शक्तिले पनि एकतामा भाँजो हालिरहेको कतिपयको ठम्याई छ । नेपाली कांग्रेसले कम्युनिस्ट अधिनायकवादको हौवा देखाएर अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरुलाई एकता भाँड्न गुहार गरिरहेको समेत धेरैको अनुमान छ । एमाले माओवादी एकता भाँडिएर माओवादीले सत्ता नै छोडे पनि ओलीलाई खासै फरक पर्दैन । उनले संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीलाई जगेडामा राखेका छन् ।

प्रचण्डले कांग्रेसको समर्थनमा सरकार बनाउन चाहे पनि एमाले फोरम र राजपाको सहयात्रालाई रोक्न सक्दैनन् । सरकार बनाउन र ढाल्न भारतको हात रहँदै आएकोमा कसैको विमति छैन । बुढीगण्डकी परियोजना निर्माणको ठेक्का चीनलाई दिएको र चीनको वीआरआई परियोजनामा नेपाललाई सामेल गराएपछि प्रचण्डसँग भारत सशंकित छ । भारतीय समर्थनबिना प्रचण्डले चाहेर पनि कांग्रेसको सहयोग प्राप्त गर्न सक्ने छैनन् ।

एमाले माओवादी एकता नहुँदा त्यसको असरले ओलीलाई होइन प्रचण्डलाई नै सिध्याउँछ । पहिलो संविधानसभा चुनावमा जनताले माओवादीबाट ठूलो अपेक्षा राख्दै सरकार चलाउने जनादेश दिए । तर प्रचण्ड देश विकासतिर होइन सेनापति कटवाल हटाउनतिर लागे । नेपाली सेनालाई माओवादीकरण गर्ने र सत्ता नेतृत्वमा अनवरत छाइरहने प्रचण्ड मुरादमाथि राष्ट्रपति रामवरण यादवले तातो भुतभुते खन्याइदिए । भारतलाई सत्तोसराप गर्दै प्रचण्डले प्रधानमन्त्री पदबाट राजीनामा दिए । दोस्रो संविधान सभा चुनावमा जनताले माओवादीलाई वामन अवतारमा पुऱ्याइदिए । स्थानीय, प्रादेशिक र संघीय संसदको निर्वाचनमा माओवादीको पोजिसन थर्डमा कायम गरिदिए जनताले । पार्टी एकीकरणको वचनबद्धताका साथ एमालेसहितको वामगठबन्धनलाई चुनावमा जनताले सहज रुपमा स्वीकारे । आज देश वामपन्थीमय बनेको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख सबै कम्युनिस्टहरु छन् । संविधान संशोधनका लागि आवश्यक दुईतिहाई मत छ कम्युनिस्टहरुसँग । एमालेले मदन भण्डारीको बहुदलीय जनवादलाई आफ्नो आदर्श र लक्ष्य बनाएको छ । माओवादी केन्द्रले एक्काइसौं शताब्दीको जनवाद भनेको छ तर त्यसको विस्तृत परिभाषा भनेको समाजवाद नै हुनुपर्छ । नेपालको संविधानले पनि समाजवाद उन्मुख अर्थात् समाजवादकै कल्पना गरेको छ । अहिले वामपन्थीहरुले दुईतिहाईको बलमा संविधान संशोधन गरी जनसविधान निर्माण गर्न सक्छन् । समाजवादी व्यवस्था लागू गर्न सक्छन् । जनवादी शासनका लागि विप्लवहरुले हतियार उठाउनै पर्दैन । भेनेजुयलामा दुईतिहाई मत ल्याएर ह्युगो चाभेजले पूरै संविधान संशोधन गरी समाजवादी कार्यक्रम लागू गरेका थिए । एमाले माओवादी किन जनसंविधान बनाउन र समाजवादी व्यवस्था लागू गर्न चाहँदैनन् ? किनकि यी दुवै पार्टी कम्युनिस्ट होइनन् । यिनले बोकेको कम्युनिस्टको लोगो जनतालाई झुक्याउन लागि मात्र हो ।

## मालेले मनायो...

अर्थमा बाम नभएको र नेपाल कम्युनिस्ट आन्दोलनको सच्चा उत्तराधिकारी भनेको नेकपा मालेमात्रै हो भन्नुभयो । नेपाली कम्युनिस्ट आन्दोलन विदेशबाट संचालन हुने होइन । यो नेपाली चिन्तनबाट नेपाली माटो अनुसार संचालित हुनुपर्दछ भन्नुभयो ।

देशमा पटक पटक आन्दोलन भएको तर नौलो जनवादी क्रान्ति अझै सम्पन्न नभएको परिप्रेक्ष्यमा राजनीतिक आन्दोलन सकियो अब गर्ने भनेको आर्थिक विकास हो भनेर बाम नामधारी सत्तालिप्त दलहरुले भनेको स्मरण गराउनुभयो । देशमा अब देशभक्तिपूर्ण आन्दोलनको आँधिबेहरी ल्याउनुपर्दछ जस्ले विदेशबाट संचालित नक्कली राष्ट्रवादीहरुको मुकुण्डो उतार्नेछ भन्नुभयो । उहाँले जातिगत राज्य होइन संविधानले नेपालमा भएका सबै जातिहरुको पहिचान दिनुपर्दछ किनकी सबै भूगोलमा बहुजातिहरु बसोबास गर्दछन, जातिगत राज्य दिनु भनेको विदेशीको इसारामा देशलाई विखण्डनतिर लाग्नु हो भन्नुभयो ।

भाषाका सम्बन्धमा प्रस्ट पार्दै मैनालीले भन्नुभयो- 'हिन्दी नेपालको कुनै पनि ठाउँमा बोलिने भाषा नभएको हुँदा यसलाई राष्ट्रभाषा मान्न कुनै हालतमा पनि सकिन्न ।' कार्यक्रममा नेकपा मालेका स्थायी कमिटी सदस्य डम्बर श्रेष्ठ, पोलिट ब्यूरो सदस्यद्वय सुरेन्द्र ढकाल तथा कुमारखाकी श्रेष्ठले नेपाल कम्युनिस्ट आन्दोलन खेपेको आरोह अवरोहबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा अनेरास्ववियु प्रगतिशीलका तर्फबाट घनश्याम मिश्र, प्रगतिशील किसानको तर्फबाट सुरत चौलागाई, प्रगतिशील युवाको तर्फबाट राजन थापा, प्रगतिशील शिक्षक संगठनको तर्फबाट दर्शन लामिछाने, प्रगतिशील खेलकुद संगठनको तर्फबाट शंकर पोखरेल, अनेमस प्रगतीशीलका तर्फबाट जनककुमारी चालिसेले शुभकामना मन्तब्य दिनुभएको थियो ।

नेकपा माले ३ नं. प्रदेश कमिटीको सचिव कृष्ण रानाको सभापतित्वमा भएको उक्त कार्यक्रम कम्युनिस्टहरुको अन्तर्राष्ट्रिय गानबाट सुरु भई कृष्णरानाको धन्यवाद मन्तव्यसँगै विसर्जन भएको थियो । कार्यक्रम संचालन नेकपा मालेका केन्द्रीय सदस्य तथा ललितपुर जिल्ला सचिव केदार गिरीबाट भएको थियो । खुला कार्यक्रमपश्चात सुरु भएको बन्दसत्रले ३ नं प्रदेशअन्तर्गत रहने गरी नेकपा मालेको काठमाडौं उपत्यका समन्वय समिति गठन गरेको थियो ।

## सम्झौता...

उपभोक्ता समितिको तर्फबाट परेक रावलले हस्ताक्षर गर्नुभएको थियो । योजनाको लागि अन्तिम किस्तास्वरुप फाउण्डसनबाट प्रदान गरिने रु. ४० हजार योजना सम्पन्न भएपछि उद्घाटनको अवसरमा हस्तान्तरण हुने कुरा सम्झौतामा उल्लेख गरिएको छ ।

यसैबीच कैलालीको घोडाघोडी नगरपालिका वडा नम्बर ९ मा हरियाली बोरिङ निर्माणको एक कार्यक्रमबीच सिलान्यास गरिएको छ । हरियाली बोरिङ निर्माण उपभोक्ता समितिको आयोजनामा बोरिङको सिलान्यास गरिएको हो । उपभोक्ता समितिका अध्यक्ष सुनिता बिकको सभापत्तित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि नेकपा (माले) का प्रदेश नम्बर ७ का संयोजक तथा केन्द्रीय कमिटी सदस्य परेकबहादुर रावल रहनुभएको थियो । प्रमुख अतिथिको आसनबाट बोल्दै रावलले भने दिगो विकास नै जनताको विश्वास हुने भएकाले व्यापारी मानसिकताबाट उपभोक्ता समिति नबनी जनताको सेवा भावले अबका दिनमा विकास गर्नुपर्ने उहाँले बताउनुभयो ।

सुरेन्द्र ढकाल प्रतिष्ठानले १ लाख २० हजार बराबरको रकम बोरिङ निर्माणको लागि उपलब्ध गराएको थियो । त्यस ठाउँमा किसानहरु सिचाइ नभएर मर्कामा परेको हुनाले सुरेन्द्र ढकाल प्रतिष्ठानबाट रकम उपलब्ध गराइएको प्रतिष्ठानले जनाएको छ । हरियाली बोरिङ निर्माण उपभोक्ता समितिका सदस्य भीमबहादुर बोहोराको स्वागत मतव्यसँगै सुरु भएको कार्यक्रमको संचालन सचिव कृष्णदेवी रावलले गर्नुभएको थियो ।

## सुगौली...

फागुन २७ (११ मार्च १८१४) मा एक पत्र पठाई नेपाललाई धम्की दिए । तोकिएको समयाबधि समाप्त भइसक्दा पनि नेपालले कुनै जवाफ पठाउन आवश्यक ठानेन, किनकि सो क्षेत्र नेपालको सिमाना भित्र पर्ने जमिन हो भन्ने निश्चित थियो ।

अंग्रेज पक्षले अब लडाईकै घोषणा गर्नु पऱ्यो, संघर्ष अपरिहार्य नै भयो भन्ने ठाने । यसको फलस्वरूप अंग्रेजले १८७१ कार्तिक १५ (१ नोभेम्बर १८१४) मा नेपालसँग संघर्ष गर्न बिधिवत युद्धको घोषणा गऱ्यो । गोर्खालीले अंग्रेजका बिरुद्धमा युद्ध गर्ने-नगर्ने भन्ने विषयमा काठमाडौंमा भारदारहरूकाबीच छलफल तथा बादबिबाद भयो । निचोडमा अँग्रेजसँग युद्ध गर्नै पर्छ भन्ने भीमसेन थापाको प्रस्ताब नै स्वीकृत भयो । यसअनुसार नेपाली फौजका गणहरूको प्रबन्ध गरियो । सेनापति अमरसिंह थापा तथा भीमसेन थापा कम्पनी सरकारको मागलाई मान्ने पक्षमा थिएनन् । केही भारदारहरूले लडाई रोक्नुपर्छ भन्ने भए तापनि धेरैले लडाई गर्न अँग्रेजले आव्हान गरिसकेकोले लडाईको तयारी गर्नुपर्ने राय ब्यक्त गरे । यसैले अमरसिंह थापालाई देशको सिमाना सुरक्षाको निमित्त उनको मातहतमा सेना तयार पार्न निर्देशन दिईयो । जिध्दिबाज अंग्रेजहरूलाई ठीक पार्नको लागि अमरसिंहले नमूनायुक्त सिपाहीहरूको बटालियन गठन गरी उनीहरूलाई तालिम दिई अभ्यास गराए ।

यसैबीच गोरखपुरका मैजिस्ट्रेटले स्थानीय फौजका सत्र कम्पनीलाई बुटवल र शिवराज कब्जा गर्न पठाएको अमरसिंहले चाल पाए । यसैले नेपाल सरकारको आदेशमा पाल्पाबाट बुटवल क्षेत्रमा फौज पठाईयो । ब्रिटिस सेना जसै अगाडि बढेका थिए नेपाली फौज केही पछाडि हट्न अमरसिंहले कमाण्ड गरे । तर १८७१ जेठ ६ (१८१४ मे २०) मा उनले आफ्नो सेनाको पल्टनलाई विभिन्न समूहमा विभाजन गरी बुटवलको केही ठानाहरूमा रहेको कम्पनी सरकारको फौजमाथि हमला गरे र कम्पनी सरकारको अठार सिपाहीहरू मारिए । यसरी उक्त इलाका पुनः नेपालको कब्जामा आयो । यस घटनालाई अंग्रेजहरूले चुनौतीको रूपमा लिए । फलतः अंग्रेजहरूले नेपालको विरुद्ध चर्को रूपमा युद्ध जारी गर्ने दृढता लिए । नेपाली फौजद्वारा बुटवल कब्जा गरिएको र कम्पनी सरकारको सिपाहीहरू मारिएको खवर कलकत्तासम्म पुग्यो र अंग्रेज गभर्नर जनरल लर्ड मोइराले गोर्खाली फौजलाई रोक्न अंग्रेजी फौज थपगर्न आदेश दिए । यस्तो परिस्थितिमा अंग्रेजलाई भित्रभित्रै ठूलो त्रास थियो कि कम्पनी र गोर्खालीका बीच भएको लडाँईमा कतै चीनले नेपाललाई सहायता गर्न आउने पो हो कि ! किनकि सम्बत् १८७० मा नेपालले सिक्किमेलीहरूसँग लडाई गर्दा नेपाली दूतले चीनका अधिकारीहरू समक्ष सैनिक सहायताको माग गरेको कुराले अंग्रेजलाई जहिले पनि झस्का दिइरहेको थियो । साँच्चै चीनले नेपाललाई सहायता गऱ्यो भने अंग्रेज पक्षलाई ठूलो खतरा हुने विश्वास लर्ड मोइरालाई थियो । यदि यस्तो अवस्था आईपऱ्यो भनें गङ्गानदीभन्दा उत्तरको भू-भाग नेपाललाई दिएर दुई देशबीचको सिमाना गङ्गानदीलाई नबानाएसम्म बास्तबिक शान्ति हुने छैन भन्ने लर्ड मोइराले सोचेका थिए । यस परिप्रेक्ष्यमा उनले नेपालको सीमा क्षेत्रभित्र ब्रिटिसले धावा गर्दै गोर्खालीहरूसँग लडाई छेडेमा चीनको धारणा कस्तो रहने छ भन्ने जानकारी हुनु नितान्त जरुरी छ भन्ने ठानेका थिए । यसरी नेपालमाथि आक्रमण गर्न चीनका कारणले अंग्रेजलाई डर-त्रास पैदा भएको थियो । तर पनि युध्दको सुरुवात भयो । नेपाल र अंग्रेजबीच युद्ध सुरु हुनाको मुख्य तत्कालीन कारण बुटवल र शिवराजको सीमा विवाद नै प्रमुख कारण थियो । पाल्पा नेपालमा गाभिएपछि उक्त क्षेत्र पनि नेपालकै अङ्ग भएको र नेपालकै सीमाभित्र पर्छ भन्ने नेपालको दाबी थियो । तर लर्ड हेस्टिङस्को धारणा बेग्लै थियो, जसअनुसार उक्त भू-भाग पहिले अबधको नवाबको भएको र अबधको क्षेत्र कम्पनी सरकारअर्न्तगत परेकोले बुटवल र शिवराज अंग्रेजी सीमाभित्रै पर्ने दाबी पेश गरिएको थियो । बास्तममा नेपाल र कम्पनी सरकारबीच एकआपसको सीमासम्बन्धी विवाद पृथ्वीनारायण शाहकै पालादेखि हुँदै आएको थियो । मकवानपुर गोर्खालीको नियन्त्रणमा आएपछि त्यस अन्तर्गतको समथर तराई क्षेत्रलाई लिएर अंग्रेजसँग विवादहुँदा पृथ्वीनारायण शाहले दिनानाथ उपाध्यायलाई कलकत्ता पठाई कुरा सुल्झाएका थिए । त्यसपछि पनि रौतहट, रुद्रपुर आदि भू-भागको स्वामित्वको बारेमा लामो वाद-प्रतिबाद उठेको थियो । यस्ता सीमा बिवादको पृष्ठभूमिमा अंग्रेजहरूले बुटवल र शिवराजको सिमाना बारेमा अत्तो थापी नयाँ दाबी अघि सारेर लडाईको निहुँ खोजेका थिए । बास्तवमा बुटवल र शिवराज पहिले पाल्पा राज्यअर्न्तगत पर्दथ्यो र पाल्पा नेपालको सिमानाभित्र गाभिएपछि यस भू-भागको स्वामित्वबारे कुनै विवाद नहुनु पर्ने नेपालको अडान कायमै रह्यो । यस विवाद सुल्झाउने सम्बन्धमा नेपालका अधिकारिक प्रतिनिधि रङ्गनाथ औ दलभंजन पाण्डे र अंग्रेज अधिकारी लर्ड ब्राडशाबीच बार्ता भएको थियो । तर बार्ता टुङ्गोमा पुग्न नसकी असफल भएपछि अंग्रेजले १८७१ फागुन २७ गते (११ मार्च १८१४) मा नेपाललाई एक पत्र पठाई उपरोक्त क्षेत्र २५ दिनभित्र खाली गर्न एक अन्तिम म्याद दिए । नेपाल सरकारले सो म्यादभित्र कुनै ध्यान नदिएकोले सो भाका अवधिपश्चात् उक्त क्षेत्रमा धावा गर्न अंग्रेजले फौज अगाडि बढाए । दुबै देशका फौजहरूका बीच युद्धहुदाँ अंग्रेज पक्षको हार भई उपर्युक्त बुटवल क्षेत्र नेपालकै सीमा क्षेत्रभित्र रह्यो ।

लडाईको दौरानमा अंग्रेजहरूले पूर्वतर्फको दुई क्षेत्र र पश्चिमतर्फको अन्य दुई क्षेत्र गरी चार मोर्चाबाट फौज अगाडि बढाएका थिए । पूर्वी क्षेत्रबाट अंग्रेजलाई सफलता प्राप्त हुन सकेन तर पश्चिमतर्फको क्षेत्रमा सफलताकासाथ अंग्रेजी फौज अगाडि बढेको थियो । पूर्वी मोर्चामा नेपाली सेनाले अंग्रेजको आक्रमणलाई बिफल पार्न सफल भए भनें पश्चिम क्षेत्रको अधिकांश मोर्चाहरूमा नेपाली फौजको एकपछि अर्को हार हुँदै आयो ।

पूर्वतर्फको मोर्चामा अंग्रेजी फौजले मकवानपुरको बाटो हुँदै काठमाडौंमा आक्रमण गर्ने योजना बनाएका थिए । शत्रुको सो योजनालाई असफल पार्न नेपालका तर्फबाट मकवानपुरमा नेपाली सेना तैनाथ गरिएका थियो । यसैबीच १८७१ पुस १७ गते (१ जनवरी १८१५) मा सुमनपुर र पर्सामा रहेको अंग्रेजी चौकीमाथि नेपाली फौजले अप्रत्याशित तरिकाले आक्रमण गऱ्यो । यस आक्रमणबाट कमाण्डरको मृत्युभई अंग्रेजी फौजको भागाभाग भयो । अर्कोतर्फ मोरङ्गसम्म अगाडि बढ्दै आएको अंग्रेजी फौज बारा, पर्सामा नेपाली फौजको जीत भएको खवर सुनेर उनीहरू मोरङ्गभन्दा अगाडि बढ्न सकेनन् । तर १८७१ फागुन (मार्च १८१५) मा २,००० अंग्रेजी फौज मोरङ्गभित्र पस्यो र सिक्किम दरवारसँग सम्पर्क पनि गऱ्यो । यस सम्पर्कअनुसार अंग्रेजले नेपालको समतल भागमा हमला गर्दा सिक्किमले पहाडी भागमा हमला गर्ने कुरा भयो । साथै अंग्रेजले नेपालसँग शान्ति सन्धि गरेमा सिक्किमले नेपालसँगको लडाँईमा हारेको भू-भाग सिक्किमलाई फिर्ता दिने र सिक्किमको भविष्यको स्वतन्त्रताको सुरक्षासमेत गर्ने बचन अंग्रेजले दिए ।

पूर्वी मोर्चाको दोश्रो अंग्रेजी फौजले गोरखपुरबाट बुटवलको बाटो हुँदै पाल्पामा हमला गर्ने र जितगढ किल्ला कब्जा गर्ने लक्ष्य राखेको थियो । अंग्रेजी फौज तिनाउ नदीको किनारै किनार जङ्गलको बाटो अघि बढ्दै आउँदा जङ्गल क्षेत्रमा अकस्मात नेपाली फौजसँग मुठभेड हुन पुग्यो । नेपाली फौजको संख्या निकै कम भएकोले उनीहरूको पराजय भए तापनि अंग्रेजी फौज अरु अगाडि बढ्न नसकुन् भनी १२ हजार नेपाली फौज पहाडमा रहेको छ भनी हल्ला फिजाइयो । यस हल्लाले अंग्रेजी फौज आत्तिएर पाल्पा कब्जा गर्ने हिम्मत गर्न सकेनन् र उनीहरूले केवल बुटवल-गोरखपुरको बाटो रोकी रक्षात्मक पक्ष अबलम्बन गर्दै रहे ।

पश्चिमतर्फको मोर्चाबाट अंग्रेजहरूले नालापानीको किल्लालाई मुख्य निशाना बनाई नेपाली सीमाभित्र जनरल जिलेस्पीको नेतृत्वमा १८७१ कार्तिक ५ (२२ अक्टोबर १८१४) मा नेपाली सीमा क्षेत्रभित्र पस्यो । तर बलभद्रको नेतृत्वमा पर्खालको किल्लाभित्र रहेको नेपाली सेनाले १८७१ कार्तिक १३ गते (३० अक्टोबर १८१४) मा जनरल जिलेस्पी तथा लेफ्टिनेन्ट एलिससमेतलाई मारेपछि अंग्रेजी फौजको भागाभाग भयो । तर यसको लगत्तै जनरल मार्टिन्डेलको नेतृत्वमा अंग्रेजले फौजको संख्या, गोलाबारुद तथा तोपहरू थप गरी नालापानीमा पुनः आक्रमण गरे । अर्कोतर्फ नेपाली फौजको किल्लाभित्र जाने पानीको मुहान अंग्रेजहरूले बन्द गरिदिंदा पानीको प्यास खप्न नसकी नेपालीहरूले स्वेच्छाले किल्ला छाडी नाङ्गो खुकुरी बोकी अंग्रेजको तोप र बन्दुकको डरै नमानी बीरताकासाथ बाहिर निस्किए । यसपछि अंग्रेजले किल्लालाई ध्वस्तपारी आफ्नो अधिनमा लिए ।

नेपाली फौज नालापानीको किल्ला छाडी नाहान र जैथकतर्फ लागे । अंग्रेजी फौज पनि पछिलागि आएकोले नाहानमा युद्ध भयो र यस युद्धमा नेपाली पराजित भए । तर जैथकको युद्धमा नेपाली फौजको खुकुरी आक्रमणले अंग्रेजको आधा फौज सखाप भयो । यसको बाबजुद सतलज क्षेत्रको लडाँईमा सामान्य युद्धद्वारा नै अंग्रेजहरूले विजय प्राप्त गरेका थिए । अंग्रेजहरूले तारागढ, रामगढ, सुरजगढ, मलाउ हुँदै १८७१ चैत्र मसान्त (१४ अप्रिल १८१५) मा रेली टाकुरा कब्जा गरे । यसपछि देउथलमा अंग्रेजी फौजसँग भक्ति थापाले ठूलो टकरार लिए । तर नगण्य नेपाली फौज भएको कारण नेपालीले हार ब्यहोर्नु पऱ्यो । यस हारमा नेपाली सेनापति वीर भक्ति थापाको गोली लागेर मृत्यु भए तापनि अंग्रेजतर्फ पनि निकै नोक्सानी भयो । यस्तै अंग्रेजसँग अलमोडामा मुठभेड हुँदा अक्टरलोनीले छलयुद्ध गरेको हुदाँ हस्तिदल शाह पनि मारिन पुगे । यसरी देउथलसहित १८७१ वैशाख १४ (२८ अप्रिल १८१५) मा अलमोडा पनि अंग्रेजको सिमानाभित्र पर्न गयो ।

नेपाली फौजले पहिले बहादुरी तथा बुद्धिमत्तापूर्ण रणनीति अपनाई आफ्नो सिमाना पश्चिममा सतलजमा पुऱ्याएका थिए । नेपालीसँग लड्न अंग्रेजहरूले लडाँईको हातहतियार, फौज थप गरी अबधको नवाब र ब्यापारीबाट समेत प्रशस्त नगद रकम प्राप्त गरेका थिए । तर नेपाली पक्षतर्फ सेनाको संख्यामा कमी भएको, रसद पानी तथा रकमको अभाब हुँदै गएको र तिब्बत र चीनबाट सहयोग प्राप्त नहुँदा नेपाली फौजले सतलजदेखि महाकालीसम्मको भू-भाग अंग्रेजलाई छाड्न बाध्य हुनु पऱ्यो । अलमोडाको पराजय र बम शाहको आत्म समर्पणको सूचना पाएपछि नेपाली सेना महाकाली पूर्वमा फिर्ता बोलाउन र कुमाउदेखि सतलजसम्मको क्षेत्र अंग्रेजलाई छाड्न बाध्य भयो । यस अनुसार १८७२ जेठ १ (१५ मे १८१५) मा इस्ट इण्डिया कम्पनी सरकारका डेभिड अक्टरलोनीसँग पश्चिमका कमाण्डर अमरसिंह थापाले सन्धिपत्रमा हस्ताक्षर गरिदिए । यसरी नेपालको पश्चिमी सिमाना सतलजसम्म पुगेकोमा अब महाकालीको सीमारेखालाई नै आफ्नो सीमाको अन्त्य भाग मान्न कर लाग्यो ।

यसपछि पनि नेपाली सिमानाभित्र अंग्रेजहरूको सैनिक गतिबिधि तथा दबाब तत्कालीन परिस्थिति बढ्दै आएकोले अब अरु युद्ध लम्बाउन नेपालले उचित ठानेन । अतः युद्ध स्थगनको लागि कम्पनी सरकारसँग वार्ता गर्न १८७२ जेठ १४ गते (२८ मे १८१५) मा नेपालको तर्फबाट गजराज मिश्र र चन्द्रशेखर उपाध्यायलाई सुगौलीतर्फ पठाईयो । वार्तामा कम्पनी सरकारका पेरिश ब्राडशाले भाग लिएका थिए । कम्पनी सरकारले आफ्नो हातमाथि पारी नेपाललाई अप्ठेरो पर्ने किसिमको थुपै मागहरू राखे, जुनचाहिं नेपाललाई स्वीकार्य भएन । फलस्वरूप प्रथम चरणको बार्ता असफल भयो । यसपछि पनि नेपाललाई शान्ति सन्धि गर्न अंग्रेजतर्फबाट दबाब आयो र दोश्रो पटक वार्ता भयो । तर नेपालले तराई क्षेत्र छाड्न मंजूर नगरेकोले दोश्रो पटक पनि बार्ता भङ्ग भयो ।

यस्तो प्रावधान भएकोले नेपाली पक्षबाट लडाँई जारी राख्ने मनसाय व्यक्त गरी १८७२ माघ (फेब्रुअरी १८१६) मा अंग्रेजलाई विधिवत जानकारी गराइयो । यसको प्रतिक्रियामा सर डेभिड् अक्टरलोनीको नेतृत्वमा अंग्रेजी सेना एकाएक काठमाडौंतर्फ अगाडि बढ्यो । नेपाली पक्षबाट बहादुरीकासाथ अंग्रेजलाई रोकथाम गर्ने प्रयास गरियो । तर धेरै झडपहरूमा नेपाल असफल भयो र नेपाल सरकारले शान्ति सम्झौताको लागि आफ्नो प्रतिनिधि ब्रिटिस हेडक्वाटरमा पठाउने जानकारी गरायो । यस अनुसार नेपालका तर्फवाट पण्डित गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले सुगौली सन्धिमा सहमति हस्ताक्षर गरी १८७२ चैत १ (४ मार्च १८१६) को दिउँसो २.३० बजे मकवानपुरमा चन्द्रशेखर उपाध्यायले अंग्रेज सरकारलाई हस्तान्तरण गरे र अँग्रेजका तर्फवाट गभर्नर जनरल डेभिड अक्टरलोनीले प्रमाणिक हस्ताक्षर गरी एकप्रति चन्द्रशेखरलाई दिए । नेपालको तराईमा अवस्थित मकवानपुरको सुगौली नामक स्थानमा यो सन्धि सम्पन्न भएकोले यसलाई "सुगौली सन्धि" भनिएको हो ।

ईष्ट ईण्डिया कम्पनीसँग सुगौली सन्धि भई नेपालले आफ्नो एक तिहाई भू-खण्ड गुमाउनु परेको समयमा गीर्वाणयुद्ध बीर बिक्रम शाह श्री ५ महाराजाको रूपमा र भीमसेन थापा प्रधानमन्त्री पदमा आसिन थिए । नेपाललाई यस सन्धिका दफाहरूमा चित्त नबुझेर नै होला राजा तथा प्रधानमंत्री कुनैले पनि हस्ताक्षर नगरी प्रतिनिधिलाई दस्तखत गराएको पाईन्छ । सुगौली सन्धि अध्ययनकर्ताहरूले यसलाई एक प्रकारको अपमानजनक तथा असमान सन्धि मानेका छन् । किनकि यस सन्धिका धारा-उपधाराहरू अध्ययन गर्दा एकपक्षीय रूपमा दवाबपूर्ण तरिकाले बिजयी राज्यले पराजित राज्यमाथि अनेक शर्तहरू (समयको किटानी तथा सीमारेखाको पाबन्दी, नयाँ सीमापारीकासँग सम्बन्ध गर्न निषेधित आदि) लादेको पाईन्छ ।